# गुञ्जनगर गा.वि.स.अन्तर्गत कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय, बाल कुमारी कलेज,
नेपाली भाषाशिक्षा विभाग अन्तर्गत नेपाली विषयको
स्नातकोत्तर (एम.एड.) दोस्रो वर्षको
नेपा.शि. ५९८ को
प्रयोजनार्थ प्रस्तुत

## शोध पत्र


शोधार्थी
रामभक्त वाग्ले
त्रि.वि. दर्ता नं. ४९१-८७-८८
अनुक्रमाङ्क : २४१००६८
त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय
बाल कुमारी कलेज नेपाली भाषाशिक्षा विभाग
नारायणगढ, चितवन

२०६८

# त्रिभुवन विश्व विद्यालय

**शिक्षा शास्त्र सङ्काय**

**बाल कुमारी कलेज**

**नेपाली भाषा शिक्षा विभाग**

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय अन्तर्गत बाल कुमारी कलेज, नारायणगढका विद्यार्थी रामभक्त वाग्लेले नेपाली भाषा शिक्षा विषयमा एम.एड. द्वितीय वर्षको पाठ्यांश ५९८ को अनुसन्धान पत्रको प्रयोजनका लागि **गुञ्जनगर गा.वि.स.अन्तर्गत कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन** शीर्षकको यो शोध पत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

**सह–प्राध्यापक डा. कुल प्रसाद ढुङ्गाना** ______________ हस्ताक्षर
अनुसन्धान समितिको अध्यक्ष एवम् विभागीय प्रमुख

**सह–प्राध्यापक डा. कुल प्रसाद ढुङ्गाना** ______________ हस्ताक्षर
शोध निर्देशक

**प्रा.डा. सुष्मा आचार्य** ______________ हस्ताक्षर
बाह्य परीक्षक

मिति : २०६९/०३/२०

# शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय अन्तर्गत बाल कुमारी कलेज, नारायणगढका छात्र रामभक्त वाग्लेले नेपाली भाषा शिक्षा विषयमा एम.एड. द्वितीय वर्षको पाठ्यांश ५९८ को अनुसन्धान पत्रको प्रयोजनका लागि **गुञ्जनगर गा.वि.स.अन्तर्गत कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन** शीर्षकको शोध पत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । अत्यन्त परिश्रमसाथ गहन विश्लेषण गरी तयार पारिएको यस शोध कार्यबाट म पूर्ण सन्तुष्ट छु र सोको आवश्यक मूल्याङ्कनका लागि विभाग समक्ष सिफारिस गर्दछु ।

मिति : २०६९/०३/२०


**डा. कुल प्रसाद ढुङ्गाना**
सह-प्राध्यापक
त्रिभुवन विश्व विद्यालय
**बाल कुमारी कलेज**
**नेपाली भाषा शिक्षा विभाग**
नारायणगढ, चितवन

# कृतज्ञता ज्ञापन

वाद-विवाद मौखिक तथा लेखाइ सीप विकासको महत्त्वपूर्ण माध्यम भएकाले यससँग सम्बन्धित रहेर विस्तृत अध्ययन हुनुपर्ने आवश्यकता महसुस गर्दै त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषाशिक्षा विभाग स्नातकोत्तर (एम.एड.) तह दोस्रो वर्ष नेपा.शि. ५९८ को पाठ्यांश पूरा गर्ने प्रयोजन स्वरूप **गुञ्जनगर गा.वि.स. अन्तर्गत कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारेको छु । शोध कार्य एक विशिष्ट र गहन प्रक्रिया हो । यस कार्यलाई सम्पन्न गर्न विभिन्न क्षेत्रबाट सहयोग प्राप्त भएको छ । शोधपत्रको शीर्षक चयनदेखि लिएर यसको लेखन र सम्पादनसम्म आवश्यकीय सल्लाह तथा सुझाव दिई उचित मार्गनिर्देशन गर्नुहुने आदरणीय गुरु दामोदर रिजालप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । त्यस्तै गरी व्यक्तिगत अनेकौं व्यस्तताका बावजुद पनि आफ्नो अमूल्य समय दिई शोधपत्रको प्रारम्भदेखि हालसम्म उत्साहबर्द्धक प्रेरणा, कुशल निर्देशन तथा महत्त्वपूर्ण सुझाव दिनुहुने श्रद्धेय गुरु सह-प्राध्यापक डा. कुल प्रसाद ढुङ्गानाज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

मेरो अध्ययनलाई निरन्तरता प्रदान गर्न उत्प्रेरणा प्रदान गर्नुहुने आदरणीय पिता कृष्ण प्रसाद वाग्ले र ममतामयी आमा विष्णुमाया वाग्लेप्रति सधैँ ऋणी छु । यस अध्ययनलाई यहाँसम्म ल्याउन पारिवारिक समस्यालाई एक्लै बहन गरी मेरो अध्ययनलाई बाटो खुला गरिदिने मेरी श्रीमती सीतादेवी ढकाल (वाग्ले), पढाइलाई सर्वोपरी मान्ने, पढाइमा पूर्णविराम कहिल्यै हुँदैन भन्ने मान्यता राख्ने आदरणीय काका कालिका प्रसाद वाग्ले, हरेक पक्षबाट सहयोग गरी अध्ययनका लागि प्रेरित गर्ने प्यारा भाइहरू सूर्यभक्त वाग्ले र मोहन भक्त वाग्लेप्रति आभार प्रकट गर्दछु । मेरो पढाइलाई चाख राख्दै हौसला दिने छोरा आदर्श वाग्ले र छोरी आस्था वाग्लेलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । यसै गरी हितैषी मित्र ईश्वरी राज अधिकारी 'निर्दोषी' लाई पनि धन्यवाद व्यक्त गर्दछु ।

प्रस्तुत शोध कार्य सम्पन्न गर्न आवश्यक सहयोग गर्ने विद्यालयहरू क्रमश: श्री गुञ्जनगर उच्च मा.वि., श्री भीमनगर उच्च मा.वि., मिलन सेकेन्डरी इङ्गलिस स्कुल र न्यु भिजन एकेडमी परिवारप्रति आभारी छु । यसका अलावा यो शोधपत्र तयार पार्ने क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले टेवा पुऱ्याउनु हुने सबै महानुभावहरूका साथै प्रस्तुत शोध पत्रलाई मूर्त रूप दिन टङ्कणको जिम्मेवारी बहन गर्नुहुने 'निक' द डिजाइनर-नारायणगढका दीपेन्द्र कुमार जोशी 'निक' प्रति पनि धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा प्रस्तुत शोध पत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय, बाल कुमारी कलेज नारायणगढ, चितवनको नेपाली भाषा शिक्षा विभाग समक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

मिति : २०६९/०३/१५

**रामभक्त वाग्ले**
त्रि.वि.दर्ता नं. : ४९१-८७-८८
त्रिभुवन विश्व विद्यालय
**बाल कुमारी कलेज**
नेपाली भाषा शिक्षा विभाग
नारायणगढ, चितवन
२०६९

# सङ्क्षेपीकृत शब्द सूची

यस शोध पत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| एम.एड. | मास्टर्स अफ् एजुकेसन |
| क्र.सं. | क्रमसङ्ख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्व विद्यालय |
| द.सं. | दर्ता सङ्ख्या |
| नं. | नम्बर |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| नेपा.शि. | नेपाली भाषा शिक्षा |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | पृष्ठ |
| प्रा. | प्राध्यापक |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.सं. | विक्रम संवत् |
| संस्क. | संस्करण |
| सम्पा. | सम्पादक |

# शोध पत्रमा प्रयोगमा आएका अङ्ग्रेजी शब्दसूची

| | |
|---|---|
| Mean | मध्यमान |
| Standard Deviation | मानक विचलन |
| Percentile | प्रतिशताङ्क |
| T–Test | टि. परीक्षण |

# विषय सूची


(क) शोध पत्रको स्वीकृति पत्र

(ख) शोध निर्देशकको मन्तव्य

(ग) कृतज्ञता ज्ञापन

(घ) सङ्क्षेपीकृत शब्द सूची


## पहिलो परिच्छेद
## शोध परिचय


| | | |
|---|---|---|
| १.१ | शोध शीर्षक | १ |
| १.२ | विषय परिचय | १ |
| १.३ | शोध प्रयोजन | २ |
| १.४ | समस्या कथन | २ |
| १.५ | अध्ययनको उद्देश्य | ३ |
| १.६ | शोधको औचित्य | ३ |
| १.७ | पूर्वकार्यको समीक्षा | ४ |
| १.८ | अध्ययनको सीमाङ्कन | ६ |
| १.९ | शोध विधि | ६ |
| १.१० | शोध पत्रको रूपरेखा | ७ |


## दोस्रो परिच्छेद
## वादविवादको सैद्धान्तिक परिचय


| | | |
|---|---|---|
| २.१ | विषय प्रवेश | ९ |
| २.२ | वादविवादको व्युत्पत्ति, अर्थ र परिभाषा | १० |
| २.३ | लेखाइ सीप | १२ |
| २.४ | लेखाइ शिक्षणको आवश्यकता र महत्त्व | १३ |
| २.५ | लेखन सीपको विकासमा वादविवाद लेखनको स्थान | १३ |
| २.६ | विद्यालय तहमा वादविवाद लेखनको प्रयोजन | १४ |

२.७ निम्न माध्यमिक तहका पाठ्यक्रमहरूमा
वादविवाद विधाको स्थान र शिक्षण प्रक्रिया १५
२.८ सारांश १६

## तेस्रो परिच्छेद
## अध्ययन विधि

३.१ विषय प्रवेश १७
३.२ जनसङ्ख्याको पहिचान १८
३.३ प्रतिनिधि नमुना १८
३.४ सामग्री निर्माण १८
३.५ तथ्याङ्क सङ्कलन १९
३.६ व्याख्या, विश्लेषण र प्रस्तुतीकरण १९
३.७ सारांश २१

## चौथो परिच्छेद
## व्याख्या र विश्लेषण

४.१ विषय प्रवेश २२
४.२ समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति २२
४.२.१ समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको प्रतिशताङ्क स्थिति २३
४.२.२ समग्र विद्यार्थीहरूको मध्यमान र मानक विचलनका आधारमा
वादविवाद लेखन क्षमताको स्थिति २३
४.३ सरकारी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति २४
४.३.१ सरकारी विद्यालयका विद्यार्थीहरूको
वादविवाद लेखन क्षमताको प्रतिशताङ्क स्थिति २४
४.३.२ मध्यमान र मानक विचलनका आधारमा सरकारी विद्यालयका
विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति २५
४.४ निजी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति २५
४.४.१ निजी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको
प्रतिशताङ्क स्थिति २५
४.४.२ मध्यमान र मानक विचलनका आधारमा निजी विद्यालयका
विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति २६
४.५ छात्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति २६
४.५.१ छात्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको प्रतिशताङ्क स्थिति २७

४.५.२ मध्यमान र मानक विचलनका आधारमा
छात्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति २७
४.६ छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति २८
४.६.१ छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको प्रतिशताङ्क स्थिति २८
४.६.२ मध्यमान र मानव विचलनका आधारमा छात्रा विद्यार्थीहरूको
वादविवाद लेखन क्षमताको स्थिति २८
४.७ दलित विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति २९
४.७.१ दलित विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको प्रतिशताङ्क स्थिति २९
४.७.२ मध्यमान र मानक विचलनका आधारमा दलित विद्यार्थीहरूको
वादविवाद लेखन क्षमताको स्थिति २९
४.८. गैरदलित विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति ३०
४.८.१ गैरदलित विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको
प्रतिशताङ्क स्थिति ३०
४.८.२ मध्यमान र मानक विचलनका आधारमा
गैरदलित विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति ३०
४.९ नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति ३१
४.९.१ नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद
लेखन क्षमताको प्रतिशताङ्क स्थिति ३१
४.९.२ मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी
विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति ३२
४.१० अन्य भाषी (विमातृ भाषी) नेपाली विद्यार्थीहरूको
वादविवाद लेखन क्षमताको स्थिति ३२
४.१०.१ विमातृ भाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको
प्रतिशताङ्क स्थिति ३३
४.१०.२ मध्यमान र मानक विचलनको आधारमा विमातृभाषी
विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति ३३
४.११ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको
वादविवाद लेखन क्षमताको समूहगत स्थिति ३४
४.१२ सारांश ३५

## पाँचौँ परिच्छेद
## तुलनात्मक विश्लेषण

५.१ विभिन्न समूहहरूमा वादविवाद लेखन क्षमताको तुलनात्मक स्थिति ३७

| | | |
|---|---|---|
| ५.१.१ | सरकारी विद्यालय र निजी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलना | ३७ |
| ५.१.२ | छात्र र छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलना | ३८ |
| ५.१.३ | दलित र गैरदलित विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलना | ३९ |
| ५.१.४ | भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली विमातृ भाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता | ४० |
| ५.२ | सारांश | ४१ |

## छैटौँ परिच्छेद
## उपसंहार

| | | |
|---|---|---|
| ६.१ | विषय प्रवेश | ४२ |
| ६.२ | निष्कर्ष | ४२ |
| ६.३ | सुझाव | ४५ |
| ६.४ | वादविवाद लेखनको शैक्षणिक महत्त्व | ४६ |
| ६.५ | भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू | ४७ |

## सन्दर्भ ग्रन्थ सूची

सन्दर्भ ग्रन्थ सूची ४८

## परिशिष्ट खण्ड

| | | |
|---|---|---|
| परिशिष्ट 'क' | प्रतिनिधि नमुना विद्यालय तथा विद्यार्थीहरूको नामावली | ५० |
| परिशिष्ट 'ख' | वादविवाद लेखनमा प्रयोग गरिएका शीर्षकहरू | ५२ |
| परिशिष्ट 'ग' | वादविवाद मूल्याङ्कन तालिका | ५३ |

व्यक्तिगत विवरण ५४

# पहिलो परिच्छेद
# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोध पत्रको शीर्षक **गुञ्जनगर गा.वि.स. अन्तर्गत कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन** रहेको छ ।

## १.२ विषय परिचय

भाषा शिक्षणलाई प्रभावकारी बनाउनका लागि कक्षाभित्र खासखास कार्यकलाप सञ्चालन गरी भाषाका विभिन्न सीपहरू विकास गराउन सकिन्छ भने अतिरिक्त कार्यकलापहरू गराएर भाषा शिक्षणका विभिन्न पक्षहरूको सम्बर्द्धन गराउन सकिन्छ । भाषा शिक्षणका निम्ति अत्यावश्यक नमानिने तर बाहिरबाट भाषाका विविध पक्षहरूको विकासमा सहयोग पुऱ्याउने कार्यकलापहरूलाई भाषा शिक्षणमा सहकार्यकलाप भनिन्छ । त्यस्तो सहकार्यकलापमध्ये एउटा कार्यकलाप वादविवाद पनि हो ।

वादविवाद निम्ति कुनै विवादात्मक शीर्षक हुनुपर्दछ । वादविवादलाई लिखित र मौखिक दुवै रूपबाट प्रस्तुत गरिन्छ । यसका पक्ष र विपक्ष गरी दुई पाटाहरू हुन्छन् । वादविवाद कार्यकलापमा तोकिएको शीर्षक वा पक्षविपक्षबाट विभिन्न तर्कहरू प्रस्तुत गरेर आफ्ना यथासम्भव बढी तर्कहरू दिइन्छ । पक्षमा आफ्ना भनाइहरूको समर्थन गर्ने कुरा रहन्छ भने विपक्षमा यसको खण्डन गरिन्छ । वादविवादको शीर्षक चयन गर्दा विद्यार्थीहरूको कक्षास्तरलाई ख्याल पुऱ्याउनुपर्दछ । 'कुनै विषयका बारेमा पक्ष विपक्षका बीच हुने तार्किक झगडा नै वादविवाद हो ।'[१] कुनै शीर्षकमाथि मनमा उठेका तर्कहरूलाई पक्ष विपक्षका रूपमा लिपिबद्ध गर्नु वादविवाद लेखन हो ।

---

१ केदार प्रसाद शर्मा र माधव प्रसाद पौडेल, **नेपाली भाषा र साहित्य शिक्षण**, (काठमाडौं : न्यु हीरा बुक्स इन्टरप्राइजेज, २०६०), पृ. १३२ ।

भाषा शिक्षणमा वादविवादको महत्त्वपूर्ण भूमिका रहने हुँदा **गुञ्जनगर गा.वि.स. अन्तर्गत कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य गर्नु अध्येताको ध्येय रहेको छ ।

## १.३ शोधप्रयोजन

प्रस्तुत शोध पत्र त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय, बाल कुमारी कलेज, नेपाली भाषाशिक्षा विभाग अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको नेपा.शि. ५९८ को पाठ्यांशको आवश्यकता परिपूर्तिका निम्ति प्रस्तुत गरिएको छ ।

## १.४ समस्या कथन

भाषा विचार विनिमयको साधन हो जुन उच्चारण अवयवको माध्यमबाट प्रकट हुन्छ । मानिसलाई सामाजिक प्राणीका रूपमा स्थापित गराउने मुख्य वस्तु पनि भाषा नै हो । भाषाले नै मानिसलाई अरू प्राणीभन्दा भिन्न तुल्याएको छ । भाषाका लिखित र मौखिक गरी दुई स्वरूप हुन्छन् ।

भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ चारैवटा सीप एकअर्कासँग अन्तर्सम्बन्धित भएर रहेका हुन्छन् । यी विभिन्न सीपहरूमध्ये भाषा सम्प्रेषणका लागि सुनाइ र बोलाइ प्रयोग गरिन्छ भने पाठ्य र लेख्य कार्यका लागि पढाइ र लेखाइ सीपको प्रयोग गरिन्छ । भाषाका चारवटा सीपहरूमध्ये लेखाइ सीपले भाषालाई प्रौढता, स्तरीयता र चिरस्थायी बनाउने गर्दछ । कलमजीवीहरूका लागि यो आधारभूत सीपसमेत बन्न पुगेको छ त्यसैले विद्यालयका तल्ला कक्षादेखि नै लेखन सीपको विकास गराउँदै लैजानुपर्ने टड्कारो आवश्यकता देखिएको छ । लेखन दक्षता अभिवृद्धि गर्न वादविवाद लेखनले महत्त्वपूर्ण भूमिका खेल्दछ । वर्तमान परिस्थितिमा शैक्षणिक पाठ्यक्रमले पनि वादविवाद लेखनसम्बन्धी पाठ्यवस्तुलाई महत्त्व दिएको पाइन्छ ।

विशेषगरी विद्यार्थीहरूमा वादविवादसम्बन्धी लेखन सीपको बौद्धिक तथा तार्किक दक्षताको अभिवृद्धि गर्ने उद्देश्यले **गुञ्जनगर गा.वि.स. अन्तर्गत कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन** शीर्षकसँग सम्बन्धित रहेर अध्ययन गर्ने जमर्को यहाँ गरिएको छ अत: यससम्बन्धी समस्यालाई निम्न लिखित बुँदाहरूमा प्रस्तुत गरिएको छ :

(क) कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता कस्तो छ ?

(ख) निजी तथा सरकारी विद्यालयमा पढ्ने विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति कस्तो छ ?

(ग) लैङ्गिक आधारमा वादविवाद लेखन क्षमता के-कस्तो छ ?

(घ) भाषिक पृष्ठभूमिका आधारमा वादविवाद लेखन क्षमता कस्तो छ ?

यिनै समस्यामा केन्द्रित रहेर प्रस्तावित शोधकार्य पूरा गरिएको छ ।

## १.५ अध्ययनका उद्देश्यहरू

हरेक कार्यको उद्देश्य हुन्छ । उद्देश्यबिनाको कार्य सार्थक बन्न सक्दैन । उद्देश्यले नै अध्ययनलाई निश्चित प्रक्रिया अपनाउन मार्गनिर्देश गर्दछ । यस शोध पत्रको उद्देश्य मूलत: गुञ्जनगर गा.वि.स. अन्तर्गत कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गरी आवश्यक सुझाव दिनु हो । प्रस्तुत शोधकार्यसँग जोडिएका अन्य उद्देश्यहरू निम्न लिखित रहेका छन् :

(क) कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको पहिचान गर्नु,

(ख) निजी तथा सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु,

(ग) लैङ्गिक आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलना गर्नु,

(घ) भाषिक आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलना गर्नु ।

(ङ) उक्त कक्षाका विद्यार्थीहरूका वादविवाद लेखनसम्बन्धी कमजोरी पत्ता लगाई सुधारका लागि सुझाव दिनु ।

यिनै महत्त्वपूर्ण र उपयोगी उद्देश्यहरूमा आधारित भई यो शोधकार्य तयार पारिएको छ ।

## १.६ अध्ययन/शोधको औचित्य

कुनै पनि विषयवस्तुको आफ्नै महत्त्व रहेको हुन्छ त्यसैले वादविवाद लेखनको पनि आफ्नै महत्त्व रहेको छ । वादविवाद लेखनबाट विद्यार्थीहरूको लेखाइसम्बन्धी ढङ्गढाँचाको

पहिचान गर्न सकिन्छ । वादविवादबाट लेखन क्षमताको अभिवृद्धि हुनुका साथै कुशल वक्ता, तार्किक बहसमा सक्षम व्यक्तित्व निर्माण गर्न मद्दत मिल्दछ । वादविवादमा विद्यार्थीहरूको बौद्धिक पक्ष समावेश हुने हुँदा लेखन क्षमता वृद्धि गर्न यो अत्यन्तै आवश्यक मानिन्छ ।

प्रस्तावित अध्ययनले नेपाली भाषा शिक्षणमा योगदान पुग्ने देखिन्छ । वादविवाद लेखनमा शिष्ट एवम् प्रभावकारी तर्कहरू पेस गर्न विद्यार्थी समूहलाई यस अध्ययनबाट मद्दत मिल्ने छ । त्यस्तै पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, शिक्षणसामग्री आदिको निर्माण, योजना तर्जुमा गर्ने सन्दर्भमा समेत यस अध्ययनले मद्दत पुऱ्याउने देखिन्छ । भावी अध्ययनहरूमा आधारसामग्री हुनसक्ने तथा सम्बन्धित क्षेत्रका अध्येता, शिक्षक शिक्षासम्बन्धी सरोकारवालाहरूलाई समेत सहयोग पुग्ने देखिएकाले यस शोधको महत्त्व तथा औचित्य निर्विवाद छ ।

## १.७ पूर्वकार्यको समीक्षा

कुनै पनि अनुसन्धानकार्य गर्नुभन्दा पहिले विगतमा त्यससम्बन्धी भएका अध्ययन-अनुसन्धानहरूको समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । अनुसन्धानकार्य नयाँ कुरा पत्ता लगाउनु मात्र नभएर पुरानै कुरालाई सही तथ्यका आधारमा परिमार्जित गर्नु पनि हो । 'आफूभन्दा अघि भएका कार्यहरूको सङ्क्षिप्त रूपमा कालक्रमिक विवरण र समीक्षा प्रस्तुत गर्नुलाई पूर्वकार्यको समीक्षा भनिन्छ ।'[२] पहिले भएका अध्ययनहरूको विश्लेषण गर्नु र भविष्यमा गर्न सकिने अनुसन्धानका हरेक क्षेत्रहरू पत्ता लगाउनसमेत पूर्वकार्यको समीक्षा उपयोगी हुन्छ । यसले अनुसन्धानकर्तालाई आफ्नो गन्तव्य पहिचान गर्न सहज र सरल बनाउँछ । यसरी पूर्वकार्यको समीक्षामा अनुसन्धानकर्ताले गरेको काम मौलिक होस् र त्यो नदोहोरियोस् भन्ने उद्देश्य राखिएको हुन्छ ।

प्रस्तुत अध्ययन कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन भएकाले यसभन्दा अघि वादविवाद लेखन क्षमतासँग सम्बन्धित रहेर के-कस्ता अध्ययन-अनुसन्धान भएका छन् भन्ने जानकारी लिनु आवश्यक छ । यसलाई हेर्दा लेखाइ सीपसँग सम्बन्धित निबन्ध लेखन, अनुच्छेद लेखन, चिठी तथा निवेदन लेखन आदि विषयमा अनुसन्धानहरू भएका देखिन्छन् । वादविवाद लेखन क्षमताका बारेमा एउटा मात्र अनुसन्धान भएको देखिन्छ तर गुञ्जनगर गा.वि.स. अन्तर्गत कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन यसभन्दा अगाडि भएका छैनन् । यस सम्बन्धमा भएका जे जति कार्य छन् तिनलाई कालक्रमिक रूपमा यहाँ प्रस्तुत गर्नु सान्दर्भिक छ ।

---

२ मोहन राज शर्मा र खगेन्द्र प्रसाद लुइटेल, **शोधविधि**, (ललितपुर : साझा प्रकाशन, २०५२), पृ. २८ ।

वादविवाद लेखन क्षमतासँग सम्बन्धित अनुसन्धानलाई कोट्याउँदा रमा सापकोटाको नाम पनि उल्लेख गर्नुपर्ने हुन्छ । उनले **काभ्रे जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य गरेकी छिन् । उनले निबन्ध लेखन, अनुच्छेद लेखन, टिप्पणी लेखन, वादविवाद लेखन, चिठी लेखन, कथा लेखन, प्रतिवेदन लेखन कार्यकलापसँग लेखनलाई जोडेकी छिन् । समष्टिमा लेखनलाई जोड दिए पनि उनको शोधकार्य अनुच्छेद लेखनमा केन्द्रित छ । यस अध्ययनबाट वादविवाद लेखनको स्पष्ट मार्गनिर्देश हुन सकेको छैन ।[३]

शोभा श्रेष्ठले **धादिङ जिल्लामा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन** नामक शोध पत्र लेखेकी छिन् । उनले यसमा धादिङ जिल्लाका ३ वटा सरकारी र ३ वटा निजी विद्यालयका जम्मा ६० जना विद्यार्थीमार्फत् वादविवाद लेखनको सामान्य परिचय र धादिङ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तथ्याङ्क शास्त्रीय विश्लेषण गरेको पाइन्छ । यसमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको मात्र उल्लेख पाइन्छ । यस शोधकार्यबाट अन्य कक्षाहरूको र अन्य जिल्लामा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको प्रतिनिधित्व हुन सकेको छैन । यसरी लेखन क्षमतासँग सम्बन्धित भएर सामान्य चर्चा र निश्चित एउटा कक्षाको वादविवाद लेखनमा शोधकार्य भएको पाइए पनि समग्र पक्षलाई यसले समेटेको छैन ।[४]

यही समस्यालाई उजागर गर्न हालसम्म अनुसन्धानमा नल्याइएको **गुञ्जनगर गा.वि.स. अन्तर्गत कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन** शीर्षकमा आधारित भई अनुसन्धान गर्नु आवश्यक भएकाले यो शोध पत्र पेस गरिएको छ ।

---

३ रमा सापकोटा, **काभ्रे जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन**, (अप्रकाशित शोधपत्र, काठमाडौँ : त्रि.वि., नेपाली भाषाशिक्षा केन्द्रीय विभाग, कीर्तिपुर, २०६७), पृ. ११–५६ ।

४ शोभा श्रेष्ठ, **धादिङ जिल्लामा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन**, (अप्रकाशित शोधपत्र, काठमाडौँ : त्रि.वि., नेपाली भाषाशिक्षा केन्द्रीय विभाग, कीर्तिपुर, २०६८), पृ. ९–५८ ।

## १.८ शोध/अध्ययनको सीमाङ्कन

अनुसन्धान प्रस्तावमा अध्ययनको सीमाङ्कन गर्नुपर्ने आवश्यक हुन्छ । अध्ययनको सीमाङ्कन भएमा अध्ययनले निश्चित बाटो पहिल्याउँछ अनि शङ्का र द्विविधाको मनस्थितिलाई हटाइदिन्छ । 'सीमाङ्कन नगरिएमा शोधकार्य छरपस्ट हुने र ठीक निष्कर्ष ननिस्कने सम्भावना रहन्छ ।'[५] सीमा निर्धारण गरेपछि उद्देश्यअनुरूप निष्कर्ष निकाल्न सम्भव हुन्छ तसर्थ प्रस्तुत अध्ययन निम्न लिखित सीमामा आबद्ध रहेको छ :

(क) प्रस्तावित अध्ययन गुञ्जनगर गा.वि.स. अन्तर्गतका नमुना छनोटमा परेका २ सरकारी र २ निजी विद्यालयमा मात्र सीमित रहेको छ ।

(ख) कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमध्ये भिन्न-भिन्न भाषिक पृष्ठभूमि भएका र छात्रछात्रा दुवै समूहका विद्यार्थीहरू पर्नेगरी १५/१५ का दरले जम्मा ६० जना विद्यार्थीहरूमा मात्र यो शोधकार्य सीमित रहेको छ ।

(ग) प्रस्तावित अध्ययन कक्षा आठमा अध्ययनरत नमुना छनोटमा परेका छात्रछात्राहरूको वादविवाद लेखन क्षमतासँग केन्द्रित रहेको छ ।

(घ) दलित र गैरदलित विद्यार्थीहरूको वादविवाद लेखन क्षमतासँग मात्र यो शोधकार्य केन्द्रित रहेको छ ।

यी बुँदाहरूमा आधारित भएर वादविवाद लेखन क्षमताको अध्ययन गर्नु यस शोध पत्रको शक्ति र सीमा दुवै हो ।

## १.९ शोधविधि

कुनै पनि प्रस्तावित शोधकार्यलाई व्यवस्थित तरिकाले अध्ययन-विश्लेषण गर्नका लागि जुन मापदण्ड वा सिद्धान्तलाई आधार मानिन्छ त्यसलाई शोधविधि भनिन्छ । शोधकार्य कसरी सम्पन्न गरिँदैछ भनी स्पष्ट गर्ने क्रममा शोधविधिको विवरण महत्त्वपूर्ण हुन्छ । यसले अध्ययनलाई योजनाबद्ध रूपले अगाडि बढाउन सहयोग पुऱ्याउनका साथै शोधकार्यलाई व्यवस्थित गर्दछ । यो शोधकार्य सम्पन्न गर्न प्राथमिक र द्वितीयक स्रोतलाई अवलम्बन गरिएको छ । गुञ्जनगर गा.वि.स. अन्तर्गत कक्षा आठमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई समेट्न नसकिने भएकाले सरकारी दुई र निजी दुई विद्यालयका गरी १५/१५ का दरले ६० जना विद्यार्थीहरू नमुनाका रूपमा छनोट गरिएको छ ।

५ मोहन राज शर्मा र खगेन्द्र प्रसाद लुइटेल, **शोधविधि**, (ललितपुर : साझा प्रकाशन, २०५२), पृ. ३२ ।

यसलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ । अध्ययनमा आवश्यकता अनुसार क्षेत्रीय विधि, तुलनात्मक विधि, तथ्याङ्क विश्लेषण विधिको प्रयोग गरिएको छ र सैद्धान्तिकीकरणका लागि शोध पत्र, पत्र-पत्रिका र सन्दर्भ पुस्तकलाई द्वितीय स्रोतका रूपमा प्रयोग गरिएको छ ।

## १.१० शोध पत्रको रूपरेखा

प्रस्तावित शोधको संरचनालाई सु-सङ्गठित र व्यवस्थित बनाउनका लागि यसलाई विभिन्न परिच्छेदहरूमा विभाजन गरिएको छ र आवश्यकता अनुसार ती परिच्छेदभित्र शीर्षक र उपशीर्षकहरूलाई पनि प्रस्तुत गरिएको छ जसको अन्तिम रूपरेखा निम्न लिखित रहेका छन् :

(१) पहिलो परिच्छेद : **शोधपरिचय**

यस अन्तर्गत शोध शीर्षक, विषय परिचय, शोधप्रयोजन, शोधसमस्या, शोधउद्देश्य, शोधको औचित्य, पूर्वकार्यको समीक्षा, शोध सीमाङ्कन, शोध विधि, शोध पत्रको रूपरेखा समावेश गरिएको छ ।

(२) दोस्रो परिच्छेद : **वादविवादको सैद्धान्तिक परिचय**

यस परिच्छेदमा वादविवादको सैद्धान्तिक अवधारणा प्रस्तुत गरिएको छ ।

(३) तेस्रो परिच्छेद : **अध्ययन विधि**

यस परिच्छेद अन्तर्गत जनसङ्ख्याको पहिचान, प्रतिनिधि नमुना, सामग्री निर्माण, तथ्याङ्क सङ्कलन, व्याख्या-विश्लेषण र प्रस्तुतीकरण रहेको छ ।

(४) चौथो परिच्छेद : **व्याख्या र विश्लेषण**

यस परिच्छेद अन्तर्गत समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थितिका बारेमा चर्चा गरिने छ । प्रतिशताङ्क, मध्यमान, मानक विचलनका आधारमा सम्पूर्ण विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गरिएको छ ।

(५) पाँचौं परिच्छेद : **तुलनात्मक विश्लेषण**

नमुनामा परेका विद्यार्थीहरूको भाषागत, लिङ्गगत, जातीयता, विद्यालयको प्रकृतिका आधारमा वादविवाद लेखन क्षमताको तुलनात्मक विश्लेषण गर्नु नै यस परिच्छेदको प्रमुख कार्य रहेको छ ।

(६) छैटौं परिच्छेद : **उपसंहार**

परीक्षणबाट प्राप्त नतिजाका आधारमा यस अध्यायमा निष्कर्ष र सुझाव दिइएको छ ।

अन्तिममा सन्दर्भग्रन्थसूची, स्रोत विद्यालय र विद्यार्थीहरूको चिनारीसमेत प्रस्तुत गरी शोधकार्यलाई पूर्णता दिइएको छ ।

# दोस्रो परिच्छेद
# सैद्धान्तिक परिचय

## २.१ विषय प्रवेश

भाषा मानवीय विचार विनिमयको प्रमुख साधन हो । मानव विकाससँग भाषाको पनि क्रमिक रूपमा विकास भएको पाइन्छ । सुरुमा उच्चार्य वा कथ्य भाषाका रूपमा रहेका भाषा नै पछि आएर लिपिबद्ध हुन थालेको हो । समाजको विकाससँगै भाषाको विकास हुँदै आयो र क्रमश: स्तरीयता प्राप्त गर्न थाल्यो । कथ्य रूपबाट मात्र निर्वाह नहुने हुँदा लेख्य स्वरूपबाट काम चलाउनु पर्ने भयो । वर्तमान समयमा मौखिक रूपभन्दा पनि लिखित रूपको महत्त्व झन् बढ्न थाल्यो ।

लेखाइमा लेखनको अभिव्यक्ति देश र कालको सीमित घेराभित्र रहँदैन । आफूले गरेका अनुभव, ज्ञान एवम् दर्शनको कुराहरू लेखाइबाट नै व्यक्त हुन्छ । लेखाइको महत्त्व शिक्षित वर्गका लागि अझै बढ्न गएको पाइन्छ । फेरि बोलाइबाट आफ्नो अनुभव एवम् विचारलाई अरू समक्ष पुऱ्याउने माध्यम मात्र हो तर लेखाइको कार्य त्यतिमा मात्र सीमित रहँदैन । ज्ञान तथा अनुभवलाई सम्झनाका लागि सञ्चित एवम् सङ्गठित पारी भविष्यमा आफ्ना तथा अरूका लागि उपयोगी बनाउन समेत लेखाइ सीपलाई प्रयोगमा ल्याउन सकिन्छ ।

भाषा शिक्षणलाई सहयोग गर्ने विभिन्न क्रियाकलापहरूमध्ये वादविवाद पनि एक हो । धेरै जसो क्रियाकलापहरू कि त लेखनसँग सम्बन्धित हुन्छन् त कि त मौखिक सीपसँग सम्बन्धित हुन्छन् । निबन्ध लेखन, चिठी लेखन, निवेदन लेखन, अनुच्छेद लेखन जस्ता सीपहरू लेखन सीपसँग बढी नजिक हुन्छन् तर वादविवाद त्यस्तो स्वतन्त्र विधा हो जसलाई मौखिक र लिखित दुवै माध्यमबाट प्रस्तुत गरिन्छ । वादविवादले मौखिक रूपबाट तार्किक वक्ता, बहस गर्न सक्षम व्यक्ति बनाउन मद्दत गर्दछ भने लिखित रूपबाट आफ्ना भनाइलाई सिलसिलावार किसिमले तार्किक ढङ्गबाट लेख्न सिकाउँछ ।

यसरी शैक्षणिक पाठ्यक्रमहरूमा समेत वादविवादात्मक लेखन अभिव्यक्तिसम्बन्धी पाठ्यवस्तुले समेत महत्त्व दिइरहेको परिप्रेक्ष्यमा लिखित तथा सृजनात्मक क्षमताको विकास गराउने माध्यम वादविवाद बनेको छ । वादविवाद विधाले कक्षा ६ देखि नै स्थान पाएको छ ।

मानिस एउटा चेतनशील प्राणी भएकाले आफ्ना मनमा लागेका कुराहरू अरू समक्ष व्यक्त गर्दा भाषाको प्रयोग गरेको पाइन्छ । त्यही भाषा कुनै विवादात्मक शीर्षकमा केन्द्रित रहेर लेखाइका माध्यमबाट पक्षमा समर्थन गर्नु र विपक्षमा खण्डन गर्नु वादविवाद लेखन हो ।

निश्चित विषयको शीर्षकमा केन्द्रित भई त्यसका दुई पाटामध्ये पक्षमा आफ्नो समर्थन र विपक्षमा तर्कहरूका साथ खण्डन गर्ने छलफल, विचार-विमर्शको वाक्यप्रतियोगितालाई वादविवाद भनिन्छ । एउटै विषय शीर्षकमा पक्षको मण्डन र विपक्षमा खण्डन नै वादविवाद हो ।

वादविवाद कार्यकलापमा तोकिएको शीर्षक वा विषयमा पक्षविपक्षबाट विभिन्न तर्कहरू प्रस्तुत गरेर आफ्नो पक्षमा यथासम्भव बढी तर्कहरू दिएर भाग लिने गरिन्छ । वक्तृत्वकलाको विकासको निम्ति यो कार्यकलापलाई महत्त्वपूर्ण कार्यकलापको रूपमा लिइन्छ । वादविवाद कार्यक्रम सञ्चालन गर्न दुई समूहको आवश्यकता पर्दछ । यसका निम्ति शिक्षकले पक्ष र विपक्ष गरी विद्यार्थीहरूलाई दुई समूहमा विभाजन गर्नु पर्दछ । वादविवादका निम्ति कुनै एउटा निश्चित समस्याको आवश्यकता पर्ने भएकाले शिक्षकले विद्यार्थीको कक्षास्तर र पृष्ठभूमिको ख्याल गरी शीर्षकको छनोट गरिदिनु पर्छ । वादविवादमा आ-आफ्ना पक्षले सम्बन्धित शीर्षक, विषयवस्तु वा समस्याको पुस्ट्याइँका निम्ति विभिन्न तर्कहरू प्रस्तुत गर्ने हुनाले श्रोतावर्गलाई पनि यस्तो समारोहमा सहभागी बन्न उत्साहित गर्दछ ।

वादविवाद कार्यकलाप औपचारिक वा अनौपचारिक दुवै तरिकाले सञ्चालन गर्न सकिन्छ । शिक्षकले विद्यार्थीको स्तर र पृष्ठभूमिलाई ख्याल गरेर कुनै एउटा विषय वा शीर्षक छनोट गरी सो शीर्षकको पक्ष र विपक्षमा आ-आफ्ना तर्कसहित लेख्नका लागि विभिन्न विद्यार्थीलाई गृहकार्य दिएर पनि यो कार्यकलाप अघि बढाउन सकिन्छ । यस्ता कार्यकलापहरू बारम्बार आफ्ना शिक्षण संस्थामा वा अन्य ठाउँमा आयोजना गरी यसमा बढीभन्दा बढी विद्यार्थीहरूलाई सहभागी बन्न उत्प्रेरित गर्दछ । वादविवादबाट लेखाइमा सुधार आउनुको साथै मौखिक रूपमा प्रस्तुत गर्दा अगाडि बोल्दा लाज मान्ने, डर र हीन अनुभव गर्ने विद्यार्थीको बानीमा सुधार आउँछ । वादविवादले विद्यार्थीको व्यक्तित्व विकास गर्न ठूलो टेवा पुऱ्याउँछ ।

## २.२ वादविवादको व्युत्पत्ति, अर्थ र परिभाषा

वादविवाद तत्सम शब्द हो । वादविवाद के हो ? भन्ने सम्बन्धमा यसको शब्दलाई विभाजन गरेर हेर्नु अझ बढी सान्दर्भिक हुन्छ । वादविवाद शब्द वाद र विवाद को योगबाट बनेको पाइन्छ ।

वाद – (ता.) [सं.] १. तत्त्वदर्शीहरूले निश्चित गरेको कुनै विशिष्ट कुराको मत वा सिद्धान्त २. सार कुरो पत्ता लगाउन लगाउनका निम्ति गरिने तर्क शास्त्रार्थ, विचार, बहस ।[१]

विवाद – ना. [सं.] १. कुनै विषय समस्या वा कुरालाई लिएर गरिने छलफल, बहस, वादविवाद २. भनाभन, कलह वा झगडा ३. प्रतिवाद, खण्डन ।[२]

यसरी वादविवाद शब्दको अर्थलाई विश्लेषण गर्दा विवादात्मक विषयमा गरिने बहस, छलफल, प्रतिवाद, खण्डन नै वादविवाद हो । वादविवादको सम्बन्ध विभिन्न विद्वान्हरूले दिएको परिभाषा र शब्दकोशहरूमा उल्लेख गरेको अर्थ यस प्रकार रहेको छ :

'कुनै निश्चित विषयवस्तुको समर्थन वा खण्डन अथवा पक्ष र विपक्षमा आफ्ना गहकिला तर्कहरू पेस गरी आफ्नो पक्षको प्रभावकारी उपस्थापन गर्ने कार्यकलाप नै वादविवाद हो ।'[३]

'वादविवाद तर्क पक्षसँग सम्बन्धित कार्यकलाप भएकाले यसलाई बौद्धिक सहकार्यकलापको रूपमा लिने गरिन्छ ।'[४]

'वादविवाद संवाद जस्तै भए पनि यसमा हार्दिकता कम हुन्छ र बढी तार्किक र बौद्धिक किसिमको हुन्छ ।'[५]

वादविवाद (तत्स.) [वाद-विवाद] ना. पक्ष र विपक्ष भएर गरिने छलफल, तर्कवितर्क, बहस ।[६]

वादविवाद (ना.) कुनै पक्षको खण्डन र समर्थनका साथ गरिएको छलफल, बहस । कुनै कुराको टुङ्गो लगाउनका निमित्त गरिने छलफल ।[७]

---

१ बालकृष्ण पोखेल (सम्पा.), **नेपाली बृहत् शब्दकोश**, चौथो संस्क., (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५), पृ. १२०७ ।

२ ऐजन, पृ. १२३१ ।

३ केदार प्रसाद शर्मा र माधव प्रसाद पौडेल, **नेपाली भाषा र साहित्य शिक्षण**, (काठमाडौँ : न्यु हीरा बुक्स इन्टरप्राइजेज, २०६०), पृ. १३२ ।

४ माधव प्रसाद आचार्य र राम प्रसाद गौतम, **नेपाली भाषा र साहित्य शिक्षण**, (काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार, २०६५), पृ. १३२ ।

५ शोभा श्रेष्ठ, **धादिङ जिल्लामा कक्षामा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौँ : त्रि.वि., नेपाली भाषाशिक्षा केन्द्रीय विभाग, कीर्तिपुर, २०६८), पृ. १० ।

६ हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई (सम्पा.), **प्रयोगात्मक नेपाली शब्दकोश**, (काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि., २०६१), पृ. ९०१ ।

७ हर्षनाथ भट्टराई, सङ्क्षिप्त **नेपाली राष्ट्रिय शब्दकोश**, (काठमाडौँ : नेसनल रिसर्च एसोसियट्स, २०५५), पृ. ७९२ ।

> वाद-विवाद – ना. [सं.] १ कुनै कुरा वा विषयको तत्त्वनिरूपणका निम्ति आफ्ना बुँदाको समर्थन र विपक्षीय बुँदाको खण्डन साथ गरिने छलफल; तर्कवितर्क; विचार-विमर्श; खण्डन-मण्डन, वाक्प्रतियोगिता ।[८]

जेहोस् यी विभिन्न परिभाषा र अर्थहरूलाई मध्यनजर गर्दा वादविवाद भनेको कुनै पनि विषय शीर्षकमा केन्द्रित भई उक्त विषय शीर्षकको तत्त्व निरूपणको निम्ति आफ्नो तर्कहरूको समर्थन र विपक्षीका तर्कहरूको खण्डनका साथ गरिने छलफल, तर्कवितर्क विचार-विमर्शको वाक्प्रतियोगितालाई वादविवाद भनिन्छ ।

## २.३ लेखाइ सीप

आफ्ना मन-मस्तिष्कभित्र रहेका भाव वा विचारलाई लिपिचिह्नको प्रयोगद्वारा सिलसिला मिलाई व्यक्त गर्ने प्रक्रियालाई लेखाइ भनिन्छ । आफ्नो विचार अभिव्यक्त गर्ने क्षमताको विकास गर्न लेखाइ उपयोगी हुन्छ । विद्यार्थीहरूमा लेख्ने सीप विकास गराउन अनुलेखन, श्रुति लेखन, चिठी लेखन, कथा लेखन, वादविवाद लेखन, प्रतिवेदन लेखन, निवेदन लेखन, चित्र वर्णन, दैनिकी लेखन जस्ता लेखनसँग सम्बन्धित कार्यकलापहरू गराइन्छ । भाषिक संरचना तथा शब्द भण्डारको ज्ञान हुनु लेखाइ सीप विकास गर्ने महत्त्वपूर्ण कुरा हो ।

हुनत मौखिक र लिखित भाषाका बीचमा भिन्नता नभएको होइन तापनि यी दुवैको एकआपसमा घनिष्ट सम्बन्ध छ किनभने भाषाको पहिलो आधार मौखिक हो । मौखिक भाषाको प्रयोग गरेर समाजका सर्वसाधारण वर्गले आफ्नो विचारहरू अरू समक्ष पुऱ्याउँछन् । यिनै मौखिक रूपमा विकसित भएका मनोभावनाहरूलाई लिखित भाषाले धेरै टाढासम्म पुऱ्याउन मद्दत गर्दछ । यो भाषा दीर्घकालीन पनि हुन्छ । त्यसैले मौखिक भाषाको तुलनामा लिखित भाषा स्थायी रूपको हुने हुनाले लेखनकलाको आफ्नै किसिमको महत्त्व छ । लेखनकलाको सहयोगले कुनै पनि व्यक्ति विभिन्न विद्वान्हरूले आफ्नो पुस्तकको माध्यमबाट अभिव्यक्त गरेका विचारहरू आफूले आत्मसात् गरी बौद्धिकताको विकास गर्न सक्दछन् । लेखनकलाको माध्यमले आफ्ना मनमा लागेका विचार र अनुभवहरू अरू समक्ष सार्वजनिक गर्न सकिन्छ । यसबाट अरू व्यक्ति पनि विभिन्न प्रयोजनका निम्ति लाभान्वित हुन सक्छन् ।

भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ हुन् । यी सीपहरूमध्ये सुनाइ र पढाइ आदानात्मक प्रकृतिका भाषिक सीप हुन् भने बोलाइ र लेखाइ अभिव्यक्तिमूलक वा प्रदानात्मक प्रकृतिका भाषिक सीप हुन् । मुख्यतया लेखनसीपमार्फत् आफूले आर्जन गरेको

---

८ बालकृष्ण पोखेल (सम्पा.), **नेपाली बृहत् शब्दकोश**, पूर्ववत्, पृ. १२०७ ।

ज्ञान तथा अनुभवलाई भविष्यमा सञ्चित गर्न सकिने हुँदा अन्य सीपहरूभन्दा लेखाइ सीपको महत्त्व बढी रहन गएको छ ।

## २.४ लेखाइ शिक्षणको आवश्यकता र महत्त्व

आफूले भोगेका अनुभव, आफ्ना आवश्यकता एवम् विचारलाई लिपिमा आबद्ध गर्नु लेखाइ हो । लिपिचिह्न योग्यता, हिज्जेको सही जानकारी तथा आफ्नो विचारलाई कसरी अभिव्यक्त गर्ने भन्ने क्षमता विकास गर्ने शिक्षणलाई लेखाइ शिक्षण भनिन्छ । अभिव्यक्तिको विशिष्ट सीप नै लेखाइ हो । आफ्ना अनुभव एवम् विचारलाई विस्तृत बनाउँदै प्रस्तुत गर्न र आफ्ना अभिव्यक्तिलाई पछिसम्म उपयोगी हुनसक्ने बनाउन लेखाइको आवश्यकता पर्दछ । लेखनसीपको विकास गराउन विद्यार्थीहरूलाई लेख्य भाषामा प्रयुक्त लिपिबद्ध र तिनीहरूको उच्चार्य स्वरूपसँग परिचित गराउनको साथै ती चिह्नहरूको अभ्यास गराउनु पर्दछ । यस प्रकारले विद्यार्थीहरूलाई मौखिक भाषाको अभिव्यक्तिका साथसाथै लिखित भाषाको अभिव्यक्तिप्रति तहगत स्तरीयताका आधारमा सचेत गराउन लेखाइ शिक्षणको आवश्यकता पर्दछ । लेखाइ सीपलाई अझ उपयोगी बनाउन लेखाइ शिक्षणको महत्त्वपूर्ण भूमिका रहन्छ ।

व्यक्तिगत सिर्जनात्मक क्षमताको विकास गराउन तथा लेखनमा गति क्रमबद्धता र सङ्क्षिप्तता ल्याउन पनि शिक्षणको महत्त्वपूर्ण भूमिका रहन्छ । विभिन्न विषय, अभिव्यक्ति र प्रसङ्गअनुसार भाषिक शैलीको छनोट गर्ने क्षमताको विकास गराउनका साथै हिज्जे चिह्न र अनुच्छेद मिलाएर लेख्ने सीपको विकास गर्न लेखाइ शिक्षण उपयोगी हुन्छ । सफा र राम्रा अक्षरमा लेख्न, व्याकरणसम्मत भाषाको प्रयोग गर्ने क्षमता बढाउन लेखाइ शिक्षण महत्त्वपूर्ण हुन्छ । लेखनकला आफैँमा शिक्षण सिकाइको अभिन्न अङ्ग हो । सम्पूर्ण कक्षा कार्यकलापहरू लेखनकै सेरोफेरोमा सञ्चालित हुन्छन् । लेखनकै माध्यमले भाषिक तथा संज्ञानात्मक कार्यकलापहरू गराइन्छन् । प्रारम्भिक तहदेखि माथिल्लो तहसम्म शैक्षिक मूल्याङ्कनको प्रक्रियाले लेखन सीपसँग प्रत्यक्ष सम्बन्ध राख्दछ । लेखनसीपमा कमजोर हुँदा कुनै पनि तह पूरा गर्न समस्या पर्न सक्छ । यसरी विद्यार्थीहरूमा लेखनकलाको विकास गर्दै लैजान लेखाइ शिक्षणको आवश्यकता र महत्त्व उच्च रहेको छ ।

## २.५ लेखन सीपको विकासमा वादविवाद लेखनको स्थान

विचार विनियमका माध्यमहरूमा लेखाइलाई महत्त्वपूर्ण मानिन्छ । बोलाइबाट पूरा नहुने विचारहरू लेखाइबाट पूरा हुने भएकाले पनि यसको महत्त्व अझै बढ्न गएको छ । लेखिएका कुराबाट समाजलाई प्रशस्त लाभान्वित गराउन सकिने भएकाले लेखाइ सामाजिक

आवश्यकता पनि हो । वादविवाद यस्तो विधा हो जसको महत्त्व लेखाइ र बोलाइमा उत्तिकै राख्दछ । लेखन क्षमता अभिवृद्धि गर्ने दृष्टिकोणबाट मध्यनजर गर्दा लेखाइलाई तार्किक, बौद्धिक बनाउन वादविवाद लेखनको महत्त्व ठूलो रहेको छ । अहिलेको बद्लिँदो परिवेशसँगै परिवर्तन भएको पाठ्यक्रममा समेत यसलाई महत्त्वपूर्ण विधाअन्तर्गत समेटिएको छ ।

यसरी शैक्षणिक पाठ्यक्रमहरूमा समेत वादविवादात्मक लेखन अभिव्यक्तिसम्बन्धी पाठ्यवस्तुले समेत महत्त्व दिइरहेको परिप्रेक्ष्यमा लिखित तथा सिर्जनात्मक क्षमताको विकास गराउने एउटा महत्त्वपूर्ण माध्यमका रूपमा वादविवाद लेखनले उल्लेख्य भूमिका खेल्दछ । वादविवाद कुनै विषयमा पक्ष वा विपक्ष भएर आ-आफ्ना तर्कहरू प्रस्तुत गर्ने काम हुन्छ । यसमा कुनै निश्चित विषय दिई त्यस विषयको खण्डन मण्डनमा शिष्ट एवम् प्रभावकारी तर्कहरू पेस गरेर घतलाग्दो तरिकाले पाठकहरूका मन-मस्तिष्कलाई सन्तुष्ट पार्दै उनीहरूको प्रशंसा आर्जन गर्नका लागि कुशल लेखक बनेर व्यक्तित्व विकास गर्न वादविवाद लेखनले ठूलो सहयोग गर्दछ ।

## २.६ विद्यालय तहमा वादविवाद लेखनको प्रयोजन

विद्यार्थीहरूलाई मौखिक भाषाको अभिव्यक्ति साथै लिखित भाषाको अभिव्यक्तिप्रति तहगत स्तरीयताका आधारमा सचेत गराउन लेखाइ शिक्षणको आवश्यकता पर्दछ । शिक्षाको क्षेत्रमा विद्यालयका तल्ला तहदेखि माथिल्लो तहसम्म शैक्षिक प्रक्रियाका दृष्टिले समेत महत्त्वपूर्ण मानिएको छ । लेखनकलामा कमजोर विद्यार्थीले माथिल्लो तहमा पुग्न कठिनाइ पर्दछ । त्यसैले विद्यार्थीहरूमा त्यस्तो समस्या नआओस् भन्नका लागि लेखन कलाको अभ्यास क्षमता विद्यार्थीहरूमा बढाउँदै लैजान जरुरी छ । यसरी लेखाइ शिक्षणको आवश्यकता शैक्षिक क्षेत्र लगायत सामाजिक, वैयक्तिक र व्यावसायिक क्षेत्रका आवश्यकता परिपूर्ति गर्न यसको महत्त्व रहेको पाइन्छ । यसरी प्राथमिक, निम्न माध्यमिक र माध्यमिक सबै तहको पाठ्यक्रममा कुनै रूपक विधा कुनै स्वतन्त्र विधासँग राखेर वादविवाद मौखिक रूपमा गरिएका कुनै छलफल, तर्कवितर्क आदिलाई लिखित रूपमा उतारी लेखनकलाको क्षमता बढाउने उद्देश्य यसमा रहेको छ ।

विद्यालय तहमा वादविवाद शिक्षण गर्नु मूल प्रयोजन निम्नानुसार बुँदामा उल्लेख गर्न सकिन्छ :

(क) विवादात्मक विषयमा आफ्नो पक्षमा तर्कपूर्ण किसिमले समर्थन गरेर लेख्न सक्ने बनाउनु ।

(ख) विवादात्मक विषयमा आफ्नो विपक्षमा तर्कपूर्ण किसिमले खण्डन गर्न सक्ने बनाउनु ।

(ग) शब्द भण्डारको वृद्धि गर्नु ।

(घ) तार्किक क्षमताको अभिवृद्धि गर्नु ।

(ङ) स्पष्ट र शुद्ध लेखनमा मद्दत गर्नु ।

(च) व्याकरणिक शुद्धतामा सबल तुल्याउनु ।

(छ) बौद्धिक र सृजनात्मक क्षमतालाई सुदृढ पार्नु ।

(ज) मनमा उठेका कुरालाई सिलसिलाबद्ध रूपमा प्रस्तुत गर्न सक्ने बनाउनु ।

यसरी माथि उल्लिखित प्रयोजनबाहेक वादविवाद शिक्षणको प्रयोजनले अन्य विधाहरूको शिक्षणमा पनि सम्बन्ध राख्दछ । समग्रमा विद्यार्थीहरूको लेखाइ सीपको विकास गराउन वादविवाद शिक्षणको पनि प्रमुख भूमिका रहन्छ भन्दा अत्युक्ति नहोला ।

## २.७ निम्न माध्यमिक तहका पाठ्यक्रमहरूमा वादविवाद विधाको स्थान र शिक्षण प्रक्रिया

शैक्षिक योजनालाई पाठ्यक्रम भनिन्छ । कक्षाको स्तर विषयको आ-आफ्नो प्रकृति र सिकाइ प्रवृत्तिअनुसार पाठ्यक्रमका स्वरूप पनि भिन्न-भिन्न किसिमका हुन्छन् । भाषा विषयको पाठ्यक्रममा अन्य विषयको भन्दा भिन्न हुने गर्दछ । हरेक तह वा कक्षाअनुरूप भाषा पाठ्यक्रमको आकारप्रकार र स्तर पनि फरक हुने गर्दछ ।

निम्न माध्यमिक पाठ्यक्रम २०५८ ले कक्षा छ, सात र आठ गरी जम्मा तीनवटा कक्षालाई निम्न माध्यमिक तह भनेर परिभाषित गरेको छ । यस पाठ्यक्रमले नेपाली भाषामा विधागत क्षेत्र निर्धारणका क्रममा प्रबन्ध, निबन्ध, कथा, जीवनी, चिठी, निवेदन, वादविवाद, व्याकरण, शब्द भण्डारजस्ता विधालाई समेटेको पाइन्छ । यसमार्फत् यसले शिक्षाका केही राष्ट्रिय उद्देश्यलाई पनि समेटेको पाइन्छ । विद्यालय तहमा नेपाली भाषा शिक्षणको लक्ष्य भाषिक दक्षता अभिवृद्धि गर्नुका साथै अन्य विषयहरूको पठनपाठनको माध्यमलाई सहयोग गरी बोध पक्ष र अभिव्यक्तिको विकास गर्नु रहेको छ ।

यस पाठ्यक्रममा वादविवादलाई रूपक विधा वा स्वतन्त्र विधाको रूपमा लिएको पाइन्छ । यस रूपक विधाको मुख्य प्रयोजन कथ्य अभिव्यक्ति क्षमता बढाउनुको साथै परिस्थितिअनुसार विवादात्मक विषयमा समयसापेक्ष पक्षमा समर्थनका तर्कहरू र विपक्षमा खण्डन गरी पाठकलाई लेखनमार्फत् सन्तुष्टि दिलाउन सक्छन् । यसको शिक्षण प्रक्रिया विवादात्मक शीर्षकमार्फत् हुने गर्दछ ।

## २.८ सारांश

वादविवादलाई स्वतन्त्र सह-कार्यकलापका रूपमा लिने गरेको पाइन्छ । यो लिखित र मौखिक दुवै कार्यकलापसँग सम्बन्धित रहेको पाइन्छ । वादविवादको प्रश्नलाई परीक्षामा पाँच अङ्कको स्थान दिइएको पाइन्छ । हाल आएर वादविवादलाई विशेष महत्त्व दिने गरेको पाइन्छ । वादविवाद लेखनले विद्यार्थीको भाषिक शुद्धता अभिवृद्धि गर्न ठूलो सहयोग गर्दछ । यसका साथै स्तरीय मानक रूप लेखन, वर्णविन्यासको उचित प्रयोग गरी तार्किक, बौद्धिक एवम् सृजनात्मक क्षमताको अभिवृद्धि गरी विवादात्मक विषयको पक्षमा समर्थनका तर्कहरू र विपक्षमा खण्डनका भनाइ राख्न सक्षम तुल्याउँछ । वादविवादबाट लेखन क्षमताको मनोवैज्ञानिक तवरले विकास गराउँदै विद्यार्थीहरूलाई भविष्यमा सक्षम कलमजीवी बनाउन मद्दत मिल्दछ ।

विद्यालय स्तरीय भाषा पाठ्यपुस्तकमा वादविवाद राखिनुको मूल प्रयोजन चाहिँ के हो भने विद्यार्थीलाई विवादात्मक लिखित तथा मौखिक अभिव्यक्तिमा सक्षम बनाउनु तथा तर्कपूर्ण ढङ्गबाट आफ्ना भनाइलाई पाठक एवम् श्रोता समक्ष राख्नु र स-स्वर पठनका साथै स्वाभाविक ढङ्गबाट विवादात्मक कार्यलाई सबल बनाउनु रहेको पाइन्छ । यसरी विद्यार्थीलाई कक्षा कार्यकलापमा विवादात्मक कार्य गराएमा उसको बौद्धिक विकास हुनुका साथै तर्कपूर्ण ढङ्गले कुनै पनि कुरालाई लेखेर प्रस्तुत गर्ने क्षमताको विकास हुन्छ । यस किसिमको क्रियाकलापले अथवा वादविवाद शिक्षणले विद्यार्थीको तर्कपूर्ण लेखन शक्ति वृद्धि हुनुका साथै बोलाइमा समेत विकास गर्दछ ।

# तेस्रो परिच्छेद
# अध्ययन विधि

## ३.१ विषय प्रवेश

अनुसन्धान औपचारिक र व्यवस्थित खोजी कार्य भएकाले यसमा सोही अनुसन्धेय विषयसँग सम्बन्धित खास विधिहरूको उपयोग गरिएको हुन्छ । अनुसन्धान कार्य कसरी सम्पन्न गरिएको छ भनी स्पष्ट गर्ने क्रममा अनुसन्धान विधिको विवरण सबभन्दा महत्त्वपूर्ण विषय हो । कुनै पनि अनुसन्धान अध्ययन गर्दा सुरुदेखि अन्त्यसम्म अपनाइने विधिहरूलाई योजनाका रूपमा व्यवस्थित गरिनु पर्दछ अनि मात्र अनुसन्धान कार्यमा कुनै किसिमको बाधा-अड्चन आउँदैन । अध्येताले प्रस्तुत अनुसन्धान अध्ययनका लागि अपनाइएका विधिहरूलाई यस परिच्छेदमा समावेश गरिएको छ ।

प्रस्तुत अध्ययन **गुञ्जनगर गा.वि.स. अन्तर्गत कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन** पहिल्याउने दृष्टिकोणले गर्न खोजिएको कुरा शोध शीर्षकबाट नै स्पष्ट भएको छ । त्यसैले अध्ययनको प्रयोजनका लागि विद्यार्थीहरूलाई महत्त्व दिएर कुनै पनि निष्कर्षमा पुग्ने प्रयास उपयुक्त ठानिएको छ । यो अध्ययन विद्यार्थीहरूसँग सोझै सम्बन्धित भएकाले उनीहरूलाई नै केन्द्रबिन्दु मानी मूलत: सर्वेक्षण विधिलाई आधार बनाई अगाडि बढाइएको छ ।

प्रस्तुत अनुसन्धान अध्ययनलाई वस्तुगत बनाउने क्रममा जनसङ्ख्या पहिचान, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण, त्यसको पूर्व परीक्षण, सङ्कलित तथ्याङ्कहरूको व्याख्या-विश्लेषण र प्रस्तुतीकरण जस्ता सर्वेक्षणात्मक विधिहरूको प्रयोग गर्दै प्रस्तुत अध्ययनको प्रारूप तयार पारिएको हो । अध्ययनमा अपनाइएका प्रक्रिया तथा विविध विधिहरूको विस्तृत विवरण निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

## ३.२ जनसङ्ख्याको पहिचान

गुञ्जनगर गा.वि.स. अन्तर्गत कक्षा आठमा अध्ययन गरेका सम्पूर्ण विद्यार्थीहरूलाई प्रस्तुत अध्ययनका लागि जनसङ्ख्याको रूपमा लिइएको छ तर अध्ययनको सीमाङ्कनका लागि गुञ्जनगर गा.वि.स.का सरकारी दुईवटा र निजी दुईवटा विद्यालयमा अध्ययनरत १५/१५ का दरले ६० जना विद्यार्थीहरू जनसङ्ख्याका रूपमा लिइएको छ ।

## ३.३ प्रतिनिधि नमुना

प्रस्तुत अध्ययनलाई बढी विश्वसनीय र भरपर्दो बनाउनका निम्ति प्रतिनिधि नमुना छनोट उपयोगमा लिइएको छ जसले सम्पूर्णको प्रतिनिधित्व गरोस् र जनसङ्ख्याका गुण वा विशेषता त्यस्ता नमुनामा समावेश होऊन् भन्ने अध्येताको दृष्टिकोण रहेको छ । सम्पूर्ण जनसङ्ख्याको अध्ययन गर्न सम्भव र व्यावहारिक नहुने भएकाले यस नमुनाले सम्पूर्णको प्रतिनिधित्व हुनेगरी अध्ययन तथा विश्लेषण गर्दछ । प्रस्तुत अध्ययनमा पनि सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व गराउन सम्भावनामा सो उद्देश्य वर्ग छनोट विधि अपनाइएको छ । नमुना छनोट गर्ने क्रममा गुञ्जनगर गा.वि.स. अन्तर्गत सरकारी दुईवटा र निजी दुईवटा विद्यालय गरी १५/१५ का दरले जम्मा ६० जना विद्यार्थीहरू चयन गरिएको छ जसमा छात्र-छात्रा, दलित-गैरदलित, मातृभाषी-विमातृभाषी रहेका छन् ।

यसरी अध्ययनमा समविष्ट कुल ६० जना छात्र-छात्रा प्रस्तुत अध्ययनका लागि प्रतिनिधि नमुनाका रूपमा कायम गरिएको छ ।

## ३.४ सामग्री निर्माण

अनुसन्धान अध्ययनको प्रकृतिअनुसार सामग्री निर्माण गर्न अति जरुरी छ । सामग्री विना अध्ययन-अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउन गाह्रो हुन्छ । त्यसैले अनुसन्धान गर्ने व्यक्तिले अनुसन्धान अध्ययनको प्रकृतिअनुसार सामग्रीको चयन गर्नु पर्दछ ।

प्रस्तुत अध्ययनको प्रकृतिअनुसार विद्यार्थीहरूको लेखनसीपको परीक्षण गरी तथ्याङ्क सङ्कलन गर्नुपर्ने भएकाले सोहीअनुसारका सामग्री निर्माण गर्न आवश्यक ठानियो । भाषाका दुई अभिव्यक्तिमध्ये लिखित सीपसँग सम्बन्धित वादविवाद लेखन अभिव्यक्तिजस्तो गहन विषयको लेखन विद्यार्थीहरूबाट गराउनु पर्ने भएकाले विभिन्न विवादात्मक शीर्षकहरूमाथि शोध-निर्देशकको उपस्थितिमा आवश्यक छलफलपश्चात् अध्येताले प्रस्तुत अध्ययनका लागि समसामयिक र विद्यार्थीले बढी रुचिका साथ लेख्न सक्ने शीर्षक

प्रस्तुत अध्ययनका लागि छनोट गरियो । तत्पश्चात् सम्बन्धित जनसङ्ख्यामा अध्येताले सोही शीर्षकमा विद्यार्थीहरूलाई लेख्न प्रेरित गर्दै अध्ययनका लागि आवश्यक सामग्री जुटाउने प्रयत्न गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन

प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा गुञ्जनगर गा.वि.स.का प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएका विद्यालयका विद्यार्थीहरूबाट निर्धारित शीर्षक र समयमा वादविवाद लेख्न प्रेरित गरियो । प्रस्तुत अनुसन्धान अध्ययनका लागि अध्येताले सम्बन्धित विद्यालयका प्र.अ. र संस्थापकहरूसँग गरेको मौखिक अनुरोधका आधारमा समन्वय गर्दै तथ्याङ्क सङ्कलन कार्यलाई अगाडि बढाइयो । नमुना जनसङ्ख्याका रूपमा चयन गरिएका विद्यालयहरूबाट अध्येताले अपेक्षाकृत सहयोग प्राप्त गरेपछि ती विद्यालयबाट सङ्कलन गरी वादविवाद लेखिएका उत्तरपुस्तिकालाई शोध-निर्देशकको सुझावको आधारमा प्रक्रियागत रूपमा जाँच गरियो । प्राप्त प्राप्ताङ्कलाई शोध-निर्देशकको सुझावका आधारमा जाँचियो । उक्त उत्तरपुस्तिकालाई जाँच गर्न उत्तरपुस्तिका परीक्षण कुञ्जिका शोध-निर्देशकको सुझावको आधारमा निम्नानुसार पूर्णाङ्क निर्धारण गरियो जसमा :

- सम्बोधन र विषय प्रवेश – १
- विषयवस्तुको तर्कपूर्ण प्रस्तुति र मौलिकता – १
- खण्डन-मण्डन – २
- भाषिक शुद्धता – १

यसलाई प्रतिशतमा रूपान्तरण गर्दै यी विभिन्न पक्षमा केन्द्रित रहेर परीक्षणलाई वस्तुगत रूपमा अङ्क निर्धारण गरी मूल्याङ्कन गरियो ।

## ३.६ व्याख्या, विश्लेषण र प्रस्तुतीकरण

प्रस्तुत अध्ययनको शीर्षक लेखनकलासँग सम्बन्धित रहेको हुँदा यसमा तथ्याङ्क सङ्कलनका क्रममा लेखिएका उत्तरपुस्तिकाहरूमा अङ्कित गरिएका प्राप्ताङ्कहरूलाई सरकारी र निजी, नेपाली मातृभाषी र अन्य भाषी, छात्र र छात्रा तथा दलित र गैरदलित समूहमा वर्गीकरण गरी तालिकाबद्ध गरियो । तथ्य विश्लेषण प्राप्ताङ्कका आधारमा उच्चतम स्थान, मध्य स्थान र न्यूनतम स्थानमा पर्ने विद्यार्थीहरूको वास्तविक सङ्ख्या पत्ता लगाउन प्रतिशताङ्क श्रेणी निर्धारण गरी गणना गरियो ।

प्रस्तुत अध्ययनमा समाविष्ट विभिन्न चलहरूको समूहगत मध्यमान, मानक विचलन तथा प्रतिशताङ्क श्रेणी निर्धारणका आधारमा विद्यार्थीहरूका वादविवाद लेखन क्षमताको पहिचान गरियो । समग्र विद्यार्थीको वादविवाद लेखन क्षमताको परीक्षा गर्न टि. मानको परीक्षण गरी प्रयोग गरियो । प्रस्तुत अध्ययनका लागि उपयोगमा ल्याइएका सूत्रहरू यस प्रकार रहेका छन् :

(क) प्रतिशताङ्क (Percentile) गणना गर्न उपयोगमा ल्याइएको सूत्र :

$$P = \frac{R}{T} X 100$$

यहाँ

P = प्रतिशत

R = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी सङ्ख्या

T = कूल विद्यार्थी सङ्ख्या

(ख) मध्यमान (Mean) गणना गर्न प्रयोगमा ल्याइएको सूत्र :

$$\overline{X} = \frac{\Sigma fx}{N}$$

सूत्रमा प्रयुक्त चिह्न :

$\overline{X}$ = मध्यमान

Σ = जोड/योगफल

f = आवृत्ति

x = चल

N = जम्मा सङ्ख्या

(ग) मानक विचलन (Standard deviation) गणना गर्न प्रयोगमा ल्याइएको सूत्र

$$\sigma = \sqrt{\frac{\Sigma fx^2 - [(\Sigma fx)^2 / N]}{N}}$$

σ = मानक विचलन

Σ = सिग्मा योगफल भन्ने अर्थ लाग्दछ

Σx = प्राप्ताङ्कको कूल योग

N = परीक्षार्थीको सङ्ख्या

$(\Sigma x)^2$ = प्राप्ताङ्कको कूल योगको वर्ग

(घ) 'T' मान गणना गर्न प्रयोगमा ल्याइएको सूत्र :

$$T\ observed = \frac{\overline{X}_2 - \overline{X}_1}{\sqrt{\frac{S_2^2}{n_2} + \frac{S_1^2}{n_2}}}$$

यहाँ

T = T मान

$\overline{X}_1$ = पहिलो समूहको मध्यमान

$\overline{X}_2$ = दोस्रो समूहको मध्यमान

$S_1^2$ = पहिलो समूहको मानक विचलन

$S_2^2$ = परीक्षार्थीको सङ्ख्या

$n_1$ = पहिलो समूहको सङ्ख्या

$n_2$ = दोस्रो समूहको सङ्ख्या

तथ्याङ्क शास्त्रीय मान्यताका आधारमा तालिकामा टि.को मान ०.०५ सार्थकताको तह लिई १.९६ भन्दा कम भएमा स्वीकार्य र बढी भएमा अस्वीकार्य ठहराइयो ।

## ३.७ सारांश

अनुसन्धान विधिलाई अध्ययन विधिको रूपमा चिनिन्छ । अनुसन्धान कार्य कसरी सम्पन्न गरिएको छ भनी स्पष्ट गर्ने क्रममा अनुसन्धान विधिको विवरण महत्त्वपूर्ण रूपमा उल्लेख गर्नु पर्ने हुन्छ । तोकिएको विधिलाई राम्रोसँग प्रयोग गरिएमा अनुसन्धान कार्य सम्पन्न गर्न कुनै किसिमको वाधा अड्चन आउँदैन । यो अध्ययन विद्यार्थीहरूसँग सोझै सम्बन्धित भएकाले सर्वेक्षण विधिलाई मुख्य आधार बनाइएको छ । प्रस्तुत अध्ययनलाई वस्तुगत रूपमा सम्पन्न गर्न जनसङ्ख्या पहिचान, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण, त्यसको पूर्वपरीक्षण, सङ्कलित तथ्याङ्कहरूको व्याख्या-विश्लेषण र प्रस्तुतीकरण जस्ता विधिको प्रयोग गरिएको छ ।

# चौथो परिच्छेद
# व्याख्या र विश्लेषण

## ४.१ विषय प्रवेश

यस अध्ययनबाट कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । परिच्छेद तीनमा प्रस्तुत गरिएको अध्ययन विधिअनुसार यहाँ शोधकर्ताद्वारा गुञ्जनगर गा.वि.स.अन्तर्गतका दुई सरकारी र दुई निजी विद्यालयबाट ६० जना विद्यार्थीबाट अध्ययनका लागि आवश्यक तथ्य सङ्कलन गरिएको छ । उक्त तथ्यलाई साङ्ख्यिकीय विश्लेषण गर्ने दृष्टिकोणले व्यवस्थित गरिएको छ ।

प्रस्तुत अध्ययनको व्याख्या एवम् विश्लेषणलाई बढी वैज्ञानिक एवम् वस्तुगत रूप प्रदान गर्न उक्त तथ्याङ्कलाई प्रतिशत गणना, मध्यमान, मानक विचलन र विभिन्न चलहरूबीच तुलनात्मक विश्लेषण गर्नका लागि 'T' परीक्षण लगायतका साङ्ख्यिकीय विधिहरूको समेत उपयोग गरिएको छ । प्रस्तुत शोधकार्यमा तथ्याङ्क विश्लेषणका लागि विभिन्न विधि तथा प्रविधिहरूको विस्तृत विवरण निम्नअनुसार उल्लेख गरिएको छ :

## ४.२ समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति

समग्र विद्यार्थीहरू भन्नाले यस अध्ययनका लागि नमुना छनोटमा परेका भाषा, जाति, लिङ्ग र विद्यालयका सबै ६० जना समग्र विद्यार्थीहरू हुन् । यी छनोटमा परेका विद्यार्थीहरूबाट लेखिएका वादविवादलाई परीक्षण गरी अङ्कन गरिएको छ । यसकै आधारमा तिनीहरूको वादविवाद लेखन क्षमताको स्थिति निर्धारण गरिएको छ जसलाई प्रस्तुत गरिएको छ :

## ४.२.१ समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको प्रतिशताङ्क स्थिति

| कुल सङ्ख्या | ३१-४० प्रतिशत | | ४१-५० प्रतिशत | | ५१-६० प्रतिशत | | ६१-७० प्रतिशत | | ७१-८० प्रतिशत | | ८१-९० प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ६० | ७ | ११.६६ | २५ | ४१.६६ | १८ | ३० | ६ | १० | ३ | ५ | १ | १.६६ |

माथिको तालिकाअनुसार समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएका कूल ६० जनालाई उनीहरूको प्राप्ताङ्क प्रतिशतको आधारमा छ श्रेणीमा निर्धारण गरिएको छ जसअनुसार ३१-४० प्रतिशत ल्याउने विद्यार्थीहरूको सङ्ख्या ७ अर्थात् ११.६६ प्रतिशत देखिन्छ । ४१-५० प्रतिशत ल्याउने विद्यार्थीहरूको सङ्ख्या २५ अर्थात् ४१.६६ प्रतिशत देखिन्छ । ५१-६० प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्यामा १८ जना अर्थात् ३० प्रतिशत रहेको छ । त्यसै गरी ६१-७० प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्यामा ३ जना रहेका छन् जसको प्रतिशत ५ रहेको छ । त्यसै गरी ८१-९० बीच ल्याउने विद्यार्थीहरूको सङ्ख्या १ मात्र रहेको छ । यसलाई प्रतिशतमा हेर्दा १.६६ देखिन्छ । यसरी तालिकालाई विश्लेषण गर्दा ५० प्रतिशतभन्दा बढी ल्याउने विद्यार्थी सङ्ख्या २८ र त्यसभन्दा कम ल्याउने विद्यार्थीहरूको सङ्ख्या ३२ देखिनुले प्राप्त नतिजा मध्यम खालको नै रहेको छ तर ३५ प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या शून्य रहनुले समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता सन्तोषजनक नै ठहर्दछ ।

## ४.२.२ समग्र विद्यार्थीहरूको मध्यमान र मानक विचलनका आधारमा वादविवाद लेखन क्षमताको स्थिति

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमान माथि | | मध्यमान तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ६० | ५३.४२ | १०.३९ | २८ | ४६.६७ | ३२ | ५३.३३ |

माथिको तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा समेटिएका ६० विद्यार्थीहरूको समग्र मध्यमान ५३.४२ रहेको छ भने मानक विचलन १०.३९ रहेको छ । मध्यमानलाई आधार मानी हेर्दा मध्यमान माथि वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २८ अर्थात् ४६.६७ प्रतिशत र मध्यमानभन्दा तल ३२ जना अर्थात् ५३.३३ प्रतिशत रहेका छन् । मध्यमानभन्दा माथि र तल वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्याको अन्तर प्रतिशत ६.६६ रहेको छ । अत: गुञ्जनगर गा.वि.स. अन्तर्गत कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता मध्यम स्तरको देखिन्छ ।

मानक विचलनका आधारमा हेर्दा मानक विचलन १०.३९ रहनाले विद्यार्थीहरूको वादविवाद लेखन क्षमतामा एकरूपताको कमी रहेको पुष्टि हुन्छ । यसरी मध्यमानका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता मध्यम स्तरको छ ।

## ४.३ सरकारी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति

सरकारले सञ्चालन वा सरकारी खर्चमा चलेका विद्यालयहरूलाई सरकारी विद्यालयका रूपमा लिइएको छ । नमुना छनोटमा लिइएका विद्यालयहरू श्री गुञ्जनगर उच्च मा.वि. गुञ्जनगर र श्री भीमनगर उच्च मा.वि. भीमनगर रहेका छन् । यी दुई विद्यालयमा अध्ययनरत ३० जना विद्यार्थीहरू यस उपशीर्षकको अध्ययन सीमाभित्र पर्दछन् ।

### ४.३.१ सरकारी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको प्रतिशताङ्क स्थिति

| कुल सङ्ख्या | ३१-४० प्रतिशत | | ४१-५० प्रतिशत | | ५१-६० प्रतिशत | | ६१-७० प्रतिशत | | ७१-८० प्रतिशत | | ८१-९० प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | २ | ६.६७ | १४ | ४६.६७ | ९ | २९.९७ | ३ | ९.९९ | २ | ६.६६ | ०० | ०० |

यस तालिकामा गुञ्जनगर गा.वि.स. अन्तर्गतका कक्षा आठमा अध्ययनरत सरकारी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको प्रतिशताङ्क रहेको छ जसमा नमुना प्रतिनिधि जनसङ्ख्याका रूपमा ३० जना विद्यार्थीहरू चयन गरिएका छन् । प्रस्तुत तालिकामा ३१-४० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २ रहेको छ अर्थात् प्रतिशतका हिसाबले ६.६६ रहेको देखिन्छ । ४१-५० प्रतिशत अङ्क ल्याउनेहरूको सङ्ख्या सबैभन्दा बढी १४ रहेको छ । यसलाई प्रतिशतमा व्यक्त गर्दा ४६.६७ हुन आउँछ । त्यसै गरी ५१-६० प्रतिशत ल्याउने विद्यार्थीहरू जसको २९.९७ प्रतिशत हुन्छ । यसै गरी ६१-७० सम्म अङ्क ल्याउनेहरू ३ जना रहेका छन् अर्थात् ९.९९ देखिन्छ भने सबैभन्दा उच्च अङ्क अर्थात् ७१-८० सम्म ल्याउनेहरू दुईजना रहेका छन् जसलाई प्रतिशतमा व्यक्त गर्दा ६.६६ हुन आउँछ । उच्च अङ्क र न्यून अङ्क ल्याउनेहरूको सङ्ख्या कम हुनु र ५१ प्रतिशतभन्दा बढी अङ्क १४ जनाले ल्याएका हुँदा यस गुञ्जनगर गा.वि.स.का सरकारी विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता सन्तोषजनक रहेका पाइन्छ ।

### ४.३.२ मध्यमान र मानक विचलनका आधारमा सरकारी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमान माथि | | मध्यमान तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ५३.८३ | ९.७२ | १४ | ४६.६७ | १६ | ५३.३३ |

जम्मा प्रतिनिधि सङ्ख्या ३० रहेको प्रस्तुत तालिकामा मध्यमान ५३.८३ छ भने मानक विचलन ९.७२ रहेको देखिन्छ । मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरू कम हुनु र मध्यमानभन्दा कम अङ्क ल्याउनेको सङ्ख्या धेरै हुनुले विद्यार्थीहरूको लेखन क्षमता कमजोर रहेको देखिए पनि मध्यमान नै ५३.८३ प्रतिशत हुनु र अधिकांश नम्बर मध्यमान नजिक देखिएकाले गुञ्जनगर गा.वि.स. अन्तर्गत सरकारी विद्यालयहरूको वादविवाद लेखन क्षमता सन्तोषजनक नै मान्नु पर्दछ ।

## ४.४ निजी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति

सरकारी लगानी बाहेकका निजी लगानीमा सञ्चालित विद्यालयहरूलाई निजी विद्यालयका रूपमा लिइन्छ । यस अध्ययनमा नमुनामा छनोट परेका गुञ्जनगर गा.वि.स. अन्तर्गतका दुई विद्यालयहरू न्यु भिजन एकेडमी गुञ्जनगर र मिलन इङ्गलिस सेकेन्डरी स्कुल गुञ्जनगर रहेका छन् । यी विद्यालयबाट ३० विद्यार्थीहरू नमुना छनोटमा परेका छन् जसको वादविवाद लेखन क्षमता निम्नानुसार प्रस्तुत छ :

### ४.४.१ निजी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको प्रतिशताङ्क स्थिति

| कुल सङ्ख्या | ३१-४० प्रतिशत | | ४१-५० प्रतिशत | | ५१-६० प्रतिशत | | ६१-७० प्रतिशत | | ७१-८० प्रतिशत | | ८१-९० प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ५ | १६.६६ | ११ | ३६.६६ | ९ | ३० | ३ | १० | १ | ३.३३ | १ | ३.३३ |

प्रस्तुत तालिकामा छ श्रेणी निर्धारण गरी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको प्रतिशताङ्क क्षमता पहिचान गर्न नमुना प्रतिनिधि जनसङ्ख्याका रूपमा ३० जना विद्यार्थीहरूलाई चयन गरिएको छ । माथिको तालिकाअनुसार ३१-४० प्रतिशत ल्याउने

विद्यार्थीहरूको सङ्ख्या ५ रहेको छ जसको प्रतिशत १६.६६ देखिन्छ । ४१-५० प्रतिशत ल्याउने विद्यार्थीहरूको सङ्ख्या सबैभन्दा धेरै रहेको छ । यहाँ ११ जना विद्यार्थीहरू ४१-५० प्रतिशतभित्र परेका छन् अर्थात् प्रतिशतको हिसाबले ३६.६६ देखिन्छ । त्यसै गरी ५१-६० प्रतिशत ल्याउनेको सङ्ख्या ९ रहेको छ जसको प्रतिशत ३० हुन आउँछ । ७१-८०, ८१-९० ल्याउनेको सङ्ख्या १/१ रहेको छ । जसको प्रतिशत ३.३३ हुन आउँछ । ५० प्रतिशत नजिक अङ्क ल्याउनेहरूको सङ्ख्या धेरै देखिनु र ५० प्रतिशतभन्दा अङ्क ल्याउनेको सङ्ख्या १४ जना अर्थात् ४६.६६ देखिनु नै निजी क्षेत्रबाट सञ्चालित विद्यालयका विद्यार्थीहरूको लेखन क्षमता राम्रै रहेको पुष्टि हुन्छ तर प्रथम श्रेणीभन्दा माथि ५ जना अर्थात् १६.६६ प्रतिशत हुनुले यसलाई अझ सुधार्न पर्ने आवश्यक देखिन्छ ।

## ४.४.२ मध्यमान र मानक विचलनका आधारमा निजी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमान माथि | | मध्यमान तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ५३ | ११.४५ | १४ | ४६.६७ | १६ | ५३.३३ |

जम्मा प्रतिनिधि सङ्ख्या ३० रहेको प्रस्तुत तालिकामा मध्यमान ५३ प्रतिशत रहेको छ । मानक विचलन ११.४५ प्रतिशत देखिन्छ । उक्त तालिकाबाट आधार लिँदा मध्यमानभन्दा कम अङ्क ल्याउनेको सङ्ख्या १६ अर्थात् ५३.३३ प्रतिशत रहेको छ । मध्यमानभन्दा बढी अङ्क ल्याउनेको सङ्ख्या १४ जना अर्थात् ४६.६७ प्रतिशत देखिन्छ । मध्यमानभन्दा कम अङ्क ल्याउने र मध्यमानभन्दा माथि ल्याउनेको अन्तर ६.६६ देखिनु निजी स्तरबाट सञ्चालित अङ्ग्रेजी माध्यमका विद्यालयका विद्यार्थीको वादविवाद लेखन क्षमता मध्यम स्तरका रहेका पुष्टि हुन्छ । ११.४५ प्रतिशत मानक विचलनबाट लेखन क्षमतामा एकरूपताको कमी भएको देखिन्छ ।

## ४.५ छात्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति

नमुना छनोटमा परेका गुञ्जनगर गा.वि.स. अन्तर्गतका कक्षा ८ मा अध्ययनरतमध्ये छात्र र छात्राको सङ्ख्या बराबरी रहेको छ । यसमा ३० जना छात्र र ३० जना नै छात्रा राखी ६० जनाको नमुना छनोट गरिएको छ । तिसजना छात्रहरूको वादविवाद लेखन क्षमताको अवस्था यस प्रकार छ :

### ४.५.१ छात्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको प्रतिशताङ्क स्थिति

| कुल सङ्ख्या | ३१-४० प्रतिशत | | ४१-५० प्रतिशत | | ५१-६० प्रतिशत | | ६१-७० प्रतिशत | | ७१-८० प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ६ | २० | १३ | ४३.३३ | ८ | २६.६६ | २ | ६.६७ | १ | ३.३३ |

नमुना छनोटमा परेका ३० जना छात्रहरूको वादविवाद लेखन क्षमताको व्याख्या माथिको तालिकाबाट गर्न सकिन्छ । तालिकाअनुसार ३१-४० प्रतिशत ल्याउनेको सङ्ख्या ६ जना अर्थात् २० प्रतिशत देखिन्छ । ४१-५० प्रतिशत ल्याउनेको सङ्ख्या अधिक रहेका छन् जसको सङ्ख्या १३ जना अर्थात् ४३.३३ प्रतिशत रहेको छ । यसै गरी ५१-६० प्रतिशत ल्याउनेको सङ्ख्या ८, प्रतिशतमा २६.६६, ७१-७० प्रतिशत ल्याउनेको सङ्ख्या १, प्रतिशतमा ३.३३ देखिन्छ । यसलाई सर्सर्ती हेर्दा के पाइन्छ भने ६१ प्रतिशत माथि ल्याउनेको सङ्ख्या ३ जना देखिएकाले गुणस्तरीय वादविवाद लेखन क्षमता भएका विद्यार्थीको कमी भएको देखिन्छ ।

### ४.५.२ मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमान माथि | | मध्यमान तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ५०.६७ | ९.७२ | ११ | ३६.६७ | १९ | ६३.३३ |

माथिको तालिकालाई हेर्दा नमुना विद्यार्थीहरू ३० जना रहेका छन् । यसमा मध्यमान ५०.६० प्रतिशत र मानक विचलन ९.७२ प्रतिशत रहेको छ । यस तालिकाअनुसार मध्यमानभन्दा माथि ल्याउने विद्यार्थीहरूको सङ्ख्या ११ जना अर्थात् ३६.६७ प्रतिशत रहेका छन् । मध्यमानभन्दा कम ल्याउनेको सङ्ख्या १९ रहेको छ जसको प्रतिशत ६३.३३ हुन आउँछ । यसबाट गुञ्जनगर गा.वि.स.मा अध्ययनरत कक्षा आठका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता कमजोर रहेको छ भन्न सकिन्छ । मानक विचलन ९.७२ ले देखिनुले लेखन क्षमतामा एकरूपता नभएको भेटिन्छ । छात्रहरूको लेखन क्षमता अभिवृद्धि गर्न उनीहरूलाई वादविवादसम्बन्धी बढी अभ्यास गराउन आवश्यक देखिन्छ ।

## ४.६ छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति

नमुना छनोटमा परेका ६० जना विद्यार्थीहरूमध्ये छात्राको सङ्ख्या ३० रहेको छ जसको वादविवाद लेखन क्षमताको विश्लेषण निम्नानुसार छ :

### ४.६.१ छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको प्रतिशताङ्क स्थिति

| कुल सङ्ख्या | ३१-४० प्रतिशत | | ४१-५० प्रतिशत | | ५१-६० प्रतिशत | | ६१-७० प्रतिशत | | ७१-८० प्रतिशत | | ८१-९० प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | १ | ३.३३ | १२ | ४० | १० | ३३.३३ | ४ | १३.३३ | २ | ६.६७ | १ | ३.३३ |

नमुना छनोटमा परेका छात्रा विद्यार्थी सङ्ख्या ३० रहेको छ । उनीहरूको लेखन क्षमतालाई छ श्रेणीमा वर्गीकरण गरिएको छ । प्रस्तुत तालिकाअनुसार ३१-४० प्रतिशत र ८१-९० प्रतिशत ल्याउनेको सङ्ख्या १/१ रहेका छन् जसको प्रतिशत ३.३३ देखिन्छ । यस तालिकाअनुसार ४१-५० प्रतिशत ल्याउनेको सङ्ख्या १२, ५१-६० प्रतिशत ल्याउनेको सङ्ख्या १०, ६१-७० ल्याउनेका सङ्ख्या ४, ७१-८० ल्याउनेको सङ्ख्या २ रहेको छ जसको क्रमश: ४०, ३३.३३, १३.३३ र ६.६७ प्रतिशत हुन आउँछ । ५१ प्रतिशतभन्दा बढी ल्याउनेको सङ्ख्या १७ अर्थात् ५६.६७ प्रतिशत, ५० प्रतिशतभन्दा तल ल्याउने सङ्ख्या १३ अर्थात् ४३.३३ प्रतिशत देखिन्छ । यसबाट के बुझ्न सकिन्छ भन्ने गुञ्जनगर अन्तर्गत कक्षा आठमा अध्ययनरत छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको छ । यसलाई उत्कृष्ट बनाउन अझै मिहिनेत गर्नुपर्ने आवश्यक देखिन्छ ।

### ४.६.२ मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमान माथि | | मध्यमान तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३० | ५६.७१ | १०.७८ | १३ | ४३.३३ | १७ | ५६.६७ |

प्रस्तुत छात्रा विद्यार्थीहरूको वादविवाद लेखन तालिकाअनुसार मध्यमान ५६.१७ र मानक विचलन १०.७८ देखिन्छ । मध्यमानभन्दा कम ल्याउनेको सङ्ख्या १७ अर्थात् ५६.६७ प्रतिशत र मध्यमानभन्दा बढी ल्याउनेको सङ्ख्या १३ अर्थात् ४३.३३ प्रतिशत देखिनुले नतिजा नराम्रो जस्तो देखिए पनि मध्यमान आफैँमा ५६.१७ देखिनुले लेखन क्षमता सन्तोषजनक रहेको

छ । मानक विचलनका आधारमा गुञ्जनगर गा.वि.स. अन्तर्गत छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमतामा एकरूपता भेटिँदैन । नतिजामा एकरूपता ल्याउन र मध्यमानभन्दा धेरै अङ्क ल्याउने विद्यार्थीहरू बनाउन अझै कोसिस गर्नुपर्ने देखिन्छ ।

## ४.७ दलित विद्यार्थीहरूको वादविवाद लेखनको स्थिति

नेपाली समाजमा जात वा थरकै आधारमा दलित छुट्टाउने प्रचलन रहेको छ । यसैका आधारमा यस अनुसन्धानमा पनि छनोटमा परेकामध्ये नेपाली, सुनार, परियार, मिजार, वि.क.लाई दलित वर्गमा राखी अध्ययन गरिएको छ । यहाँ १५ जना दलित विद्यार्थीहरू नमुना छनोटमा परेका छन् जसको वादविवाद लेखन क्षमाको स्थिति यस प्रकार छ :

### ४.७.१ दलित विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको प्रतिशताङ्क स्थिति

| कुल सङ्ख्या | ३१-४० प्रतिशत | | ४१-५० प्रतिशत | | ५१-६० प्रतिशत | | ६१-७० प्रतिशत | | ७१-८० प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १५ | १ | ६.६७ | ७ | ४६.६७ | ६ | ४० | १ | ६.६७ | ० | ० |

नमुना छनोटमा १५ जना परेका छन् । प्रस्तुत तालिकालाई मध्यनजर गर्दा ३१-४० प्रतिशत अङ्क ल्याउने ६.६७ प्रतिशत रहेको छ भने ७१-८० प्रतिशत प्रतिशत ल्याउनेको सङ्ख्या शून्य प्रतिशत रहेको देखिन्छ । ४१-५० प्रतिशत अङ्क ल्याउनेहरूको सङ्ख्या ७ अर्थात् ४६.६७ प्रतिशत रहेको छ । ५१-६० प्रतिशत अङ्क ल्याउनेहरूको सङ्ख्या ६ अर्थात् ४० प्रतिशत देखिन्छ । त्यसै गरी ६१-७० ल्याउने प्रतिशत सङ्ख्या ६.६७ रहेको छ । ७१ प्रतिशतभन्दा माथि अङ्क ल्याउनेको प्रतिशत शून्य रहनुले दलित विद्यार्थीहरूको गुणात्मक वादविवाद क्षमता नरहेको पुष्टि हुन्छ । अधिकांश विद्यार्थीहरूको अङ्क मध्यमान नजिक रहेको छ । प्राप्त अङ्क अनुसार ५१ प्रतिशतभन्दा माथि ४६.६७ देखिनुले दलित विद्यार्थीहरूको वादविवाद लेखन क्षमता मध्यम स्तरको देखिन्छ ।

### ४.७.२ मध्यमान र मानक विचलनका आधारमा दलित विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमान माथि | | मध्यमान तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १५ | ५२.३३ | ७.७२ | ७ | ४६.६७ | ८ | ५३.३३ |

प्रस्तुत तालिकाले मध्यमान ५२.३३ र मानक विचलन ७.७२ देखाएको छ । जम्मा प्रतिनिधि नमुना १५ मध्ये ४६.६७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ५३.३३ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । मध्यमानभन्दा माथि प्रतिशत ल्याउनेको सङ्ख्या अधिक भएको हुँदा गुञ्जनगर गा.वि.स. अन्तर्गतका कक्षा आठमा अध्ययनरत दलित विद्यार्थीहरूको वादविवाद लेखन क्षमता कमजोर देखिन्छ ।

## ४.८ गैरदलित विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति

नमुना छनोटमा परेका सम्पूर्ण ६० विद्यार्थीहरूमध्ये दलित बाहेकका अन्य सबै विद्यार्थीहरू गैरदलित हुन् । गैरदलित विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति यस प्रकार छ :

### ४.८.१ गैरदलित विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको प्रतिशताङ्क स्थिति

| कुल सङ्ख्या | ३१-४० प्रतिशत | | ४१-५० प्रतिशत | | ५१-६० प्रतिशत | | ६१-७० प्रतिशत | | ७१-८० प्रतिशत | | ८१-९० प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४५ | ६ | १३.३३ | १८ | ४० | १२ | २६.६७ | ५ | ११.११ | ३ | ६.६७ | १ | २.२२ |

प्रस्तुत तालिकामा नमुना छनोटमा ४५ जना विद्यार्थीहरू रहेका छन् । ३१-४० प्रतिशत अङ्क ल्याउनेहरूको सङ्ख्या ६ अर्थात् १३.३३ प्रतिशत रहेको छ । त्यस्तै ४१-५० प्रतिशतबीचको अङ्क ४० प्रतिशत विद्यार्थीहरूले ल्याएका छन् । यो नै सबैभन्दा बढी अङ्क ल्याउने विद्यार्थीहरूको समूह बनेको छ । त्यसै गरी ५१-६० प्रतिशत ल्याउने २६.६७ रहेको छ । ६१-७० ल्याउने विद्यार्थीहरूको सङ्ख्या ५ रहेको छ जसको ११.११ प्रतिशत हुन आएको छ । ७१-८० प्रतिशत ल्याउनेहरू ६.६७ प्रतिशत र ८१-९० ल्याउने प्रतिशत २.२२ रहेका छन् । प्रस्तुत तालिकाअनुसार अधिकांश विद्यार्थीहरूको अङ्क ५० प्रतिशत नजिक रहेको छ । यहाँ ५० प्रतिशतभन्दा माथि ल्याउनेको सङ्ख्या २१ रहेको पाइन्छ जसको ४६.६७ प्रतिशत हुन्छ । जसले गुञ्जनगर गा.वि.स. अन्तर्गत गैरदलित विद्यार्थीहरूको प्रतिशतको हिसाबले वादविवाद लेखन क्षमता मध्यम स्तर देखाउँछ ।

### ४.८.२ मध्यमान र मानक विचलनका आधारमा गैरदलित विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमान माथि | | मध्यमान तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ४५ | ५३.८९ | ११.४४ | २१ | ४६.६७ | २४ | ५३.३३ |

प्रस्तुत तलिकामा प्रतिनिधि नमुनाको सङ्ख्या ४५ रहेको छ जसअनुसार मध्यमान ५३.८९ छ भने मानक विचलन ११.४४ रहेको छ । माथि दिएको मध्यमानलाई हेर्दा मध्यमानभन्दा माथि अङ्क ल्याउनेहरूको सङ्ख्या २१ अर्थात् ४६.६७ प्रतिशत रहेको छ । यसै गरी मध्यमानभन्दा तल ल्याउनेको सङ्ख्या २४ अर्थात् ५३.३३ प्रतिशत देखिन्छ । यसले कमजोर विद्यार्थी सङ्ख्या अधिक रहेको पुष्टि गर्दछ । मध्यमान ५३.८९ देखिनु आफैँमा सकारात्मक रहेको छ । मानक विचलन ११.४४ आउनुले विद्यार्थीहरूको लेखन क्षमतामा एकरूपता छैन भन्ने देखाउँछ । समग्रमा यसको विश्लेषण गर्दा लेखन मध्यमानभन्दा तल अङ्क ल्याउनेहरू धेरै देखिनु दुर्बल पक्ष हो तर मध्यमान ५० प्रतिशतभन्दा बढी ५३.८९ रहनु सकारात्मक पक्ष हो । मानक विचलन ११.४४ ले लेख्न क्षमतामा एकरूपता छैन । यसलाई सुधार्नु पर्ने सुझाव दिइन्छ ।

## ४.९ नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति

भाषाका आधारमा नेपाली मातृभाषी र विमातृभाषी वा अन्य भाषी गरी विभाजन गरिएको छ । यहाँ नमुना छनोटमा लिइएकामध्ये ब्राह्मण, क्षेत्री, थापा, नेपाली, मिजार, वि.क. र सुनारलाई नेपाली मातृभाषीका रूपमा लिइएको छ र मान्यताका आधारमा यसको निर्धारण गरिएको छ । नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताका अवस्था निम्नानुसार छ :

### ४.९.१ नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद क्षमताको प्रतिशताङ्क स्थिति

| कुल सङ्ख्या | ३१-४० प्रतिशत | | ४१-५० प्रतिशत | | ५१-६० प्रतिशत | | ६१-७० प्रतिशत | | ७१-८० प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३६ | २ | ५.५६ | ११ | ३०.५६ | १५ | ४१.६७ | ५ | १३.८९ | ३ | ८.३३ |

प्रस्तुत तालिकामा ३६ जना विद्यार्थीहरू नेपाली मातृभाषी विद्यार्थीहरूका रूपमा चयन भएका छन् । उक्त तालिकाअनुसार ३१-४० प्रतिशत ल्याउने ५.५६ प्रतिशत रहेको छ । ४१-५० प्रतिशत ल्याउने ३०.५६ प्रतिशत रहेका छन् । ५१-६० प्रतिशत ल्याउने सङ्ख्या सबैभन्दा

बढी १५ जना रहेका छन् । जसको प्रतिशत ४१.६७ हुन आउँछ । यसै गरी ६१-७० प्रतिशत ल्याउनेका सङ्ख्या ५ अर्थात् १३.८९ प्रतिशत रहेको छ । ७१-८० ल्याउनेहरूको प्रतिशत ८.३३ रहेका छन् । यसमा ५१ प्रतिशतभन्दा तल ल्याउनेको सङ्ख्या १३ अर्थात् ३६.११ प्रतिशत छ तर ५१ प्रतिशतभन्दा बढी ल्याउनेको सङ्ख्या २३ अर्थात् ६३.८९ प्रतिशत रहेको छ । यसलाई मध्यनजर गर्दा मातृभाषी नेपाली हुने विद्यार्थीहरूको लेखन क्षमता राम्रो रहेको छ ।

### ४.९.२ मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन स्थिति

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमान माथि | | मध्यमान तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ३६ | ५६.३९ | २०.९१ | १७ | ४७.२२ | १९ | ५२.७८ |

प्रस्तुत तालिकामा मातृभाषी नेपाली हुने विद्यार्थीहरू सङ्ख्या ३६ रहेको छ । यसमा मध्यमान ५६.३९ र मानक विचलन २०.१९ रहेको छ । यसमा मध्यमानभन्दा कम ल्याउने सङ्ख्या १९ अर्थात् ५२.७८ प्रतिशत रहेको छ । मध्यमानभन्दा बढी ल्याउनेको सङ्ख्या १७ अर्थात् ४७.२२ प्रतिशत रहेको पाइन्छ । यसले विद्यार्थीहरूको कमजोर स्थिति देखाउँछ तर मध्यमान ५६.३९ रहनुले नेपाली मातृभाषी हुनेहरूको लेखन क्षमता राम्रै रहेको पुष्टि गर्दछ । मानक विचलन २०.९१ देखिनुले विद्यार्थीहरूको लेखन क्षमतामा एकरूपता भेटिँदैन । यसलाई सुधार्न वादविवादसम्बन्धी प्रशस्त अभ्यासहरू सबैलाई समेट्ने गरी सञ्चालन गर्न आवश्यक देखिन्छ ।

## ४.१० अन्य भाषी (विमातृ भाषी) नेपाली विद्यार्थीहरू वादविवाद लेखन क्षमताको स्थिति

घरमा नेपाली भाषा बाहेक अन्य भाषा प्रयोग गर्ने विद्यार्थीहरूलाई विमातृ भाषीको रूपमा लिइएको छ । नमुना छनोटमा परेका विद्यार्थीहरूमध्ये गुरुङ, महतो, कुमाल, श्रेष्ठ, तामाङ, लामा र मगर थर भएका विद्यार्थीहरूलाई यहाँ अन्य भाषीका रूपमा लिएर अध्ययन गरिएको छ ।

### ४.१०.१ विमातृ भाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको प्रतिशताङ्क स्थिति

| कुल सङ्ख्या | ३१-४० प्रतिशत | | ४१-५० प्रतिशत | | ५१-६० प्रतिशत | | ६१-७० प्रतिशत | | ७१-८० प्रतिशत | | ८१-९० प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २४ | ४ | १६.६७ | १६ | ६६.६७ | २ | ८.३३ | १ | ४.१७ | ० | ० | १ | ४.१७ |

उपर्युक्त तालिकाअनुसार २४ जना विद्यार्थीहरू विमातृ भाषी विद्यार्थीका रूपमा नमुना छनोट गरिएको छ । यी विमातृ भाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको प्रतिशताङ्क निर्धारण गर्न छ श्रेणीमा विभाजन गरिएको छ । ३१-४० ल्याउने १६.६७ प्रतिशत रहेको छ । ४१-५० प्रतिशत ल्याउने सङ्ख्या सबैभन्दा बढी १६ रहेको छ जसलाई प्रतिशतमा व्यक्त गर्दा ६६.६७ हुन आउँछ । ५१-६० प्रतिशत ल्याउनेहरूको प्रतिशत ८.३३ रहेको पाइन्छ । ७१-८० र ८१-९० प्रतिशत ल्याउनेको सङ्ख्या १/१ अर्थात् ४.१७ प्रतिशत रहेको छ तर ७१-८० बीचमा अङ्क ल्याउनेहरूको सङ्ख्या शून्य देखिन्छ । यसलाई विश्लेषण गर्दा ५१ प्रतिशतभन्दा माथि अङ्क ल्याउने सङ्ख्या ४ जना अर्थात् १६.६७ रहनुले विमातृ भाषी नेपाली विद्यार्थीहरूको लेखन क्षमता अत्यन्त कमजोर रहेको देखिन्छ । ८१-९० बीच अङ्क ल्याउने १ विद्यार्थी देखिनुले विमातृ भाषीबीच पनि नेपाली भाषा वा वादविवाद लेखन क्षमता अत्यन्त राम्रो हुन सकेको महत्त्वपूर्ण पक्ष हो ।

### ४.१०.२ मध्यमान र मानक विचलन आधारमा विमातृ भाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमान माथि | | मध्यमान तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| २४ | ४९.१७ | ९.७५ | १२ | ५० | १२ | ५० |

प्रस्तुत तालिकामा विमातृ भाषी विद्यार्थीहरूको नमुना छनोटमा २४ जना रहेका छन् । यसमा मध्यमान ४९.१७ र मानक विचलन ९.७५ रहेको छ । यहाँ मध्यमानभन्दा बढी ल्याउनेको सङ्ख्या १२ रहेको अर्थात् ५० प्रतिशत देखिन्छ । त्यस्तै मध्यमानभन्दा तल ल्याउनेको सङ्ख्या पनि १२ रहेको अर्थात् ५० देखिन्छ । सोझो किसिमले हेर्दा मध्यभन्दा तल र माथि बराबर प्रतिशत हुनु राम्रो देखिन्छ तर प्रस्तुत तालिका मध्यमान ५० प्रतिशतभन्दा कम देखिनुले विमातृ भाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता कमजोर पुष्टि हुन्छ । यसलाई सुधार्नु पर्ने सुझाव दिइएको छ । मानव विचलन ९.७५ हुनुले लेखन क्षमतामा केही असमान भएको देखाउँछ ।

## ४.११ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको समूहगत स्थिति

| कुल सङ्ख्या | समग्र मध्य मान | समग्र मानक विचलन | समूह | | समूहगत सङ्ख्या | समग्र मध्यमानभन्दा माथि | | समग्र मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ६० | ५३.१८ | ११.४४ | विद्यालयको प्रकृति | सरकारी | ३० | १४ | ४६.६७ | १६ | ५३.३३ |
| | | | | निजी | ३० | १४ | ४६.६७ | १६ | ५३.३३ |
| | | | विद्यार्थीको लैङ्गिकता | छात्र | ३० | ११ | ३६.६७ | १९ | ६३.३३ |
| | | | | छात्रा | ३० | १७ | ५६.६७ | १३ | ४३.३३ |
| | | | दलित र गैरदलित | दलित | १५ | ७ | ४६.६७ | ८ | ५३.३३ |
| | | | | गैरदलित | ४५ | २१ | ४६.६७ | २४ | ५३.३३ |
| | | | भाषिक पृष्ठभूमि | नेपाली मातृभाषी | ३६ | २३ | ६३.८९ | १३ | ३६.११ |
| | | | | अन्य भाषी | २४ | ४ | १६.६७ | २० | ८३.३३ |

प्रस्तुत तालिकाअनुसार नमुना प्रतिनिधि जनसङ्ख्या ६० जना छन् जसअनुसार समग्र मध्यमान ५३.१८ लाई आधार बनाई विभिन्न समूहका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति प्रस्तुत गरिएको छ । तालिकामा समग्र मानक विचलन ११.४४ उल्लेख छ ।

यस अध्ययनमा विद्यालयको प्रकृतिका दृष्टिले सरकारी र निजीतर्फका क्रमश: ३०/३० जना विद्यार्थीहरू नमुना छनोटमा परेका छन् । समग्र मध्यमान आधार मानी विश्लेषण गर्दा मध्यमानभन्दा माथि वादविवाद लेखन क्षमता भएका १४ जना अर्थात् ४६.६७ प्रतिशत देखिन्छ । समग्र मध्यमानभन्दा तल ५३.३३ प्रतिशत रहेका छन् । ६.६७ प्रतिशतभन्दा तल ५३.३३ प्रतिशत रहेका छन् । ६.६७ प्रतिशत बढी विद्यार्थीहरू मध्यामानभन्दा तल रहनाले सकारी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता कमजोर रहेको मान्न सकिन्छ । सरकारी विद्यालय र निजी विद्यालयको एउटै स्थिति देखिनुले दुवैको लेखन क्षमता कमजोर देखाउँछ ।

लैङ्गिक आधारमा हेर्दा छात्र र छात्रा दुवैतर्फ ३०/३० जना विद्यार्थीहरू नमुना छनोटमा परेका छन् । समग्र मध्यमान ५३.१८ रहेको छ । यसलाई आधार बनाई हेर्दा छात्रतर्फ मध्यमानमाथि ११ जना अर्थात् ३६.६७ प्रतिशत रहेको छ । मध्यमान तल १९ जना अर्थात् ६३.३३ प्रतिशत देखिएको छ जसले छात्र विद्यार्थीहरूको लेखन क्षमता कमजोर रहेको पुष्टि

गर्दछ । छात्रातर्फ हेर्दा ३० जना विद्यार्थीहरूमा समग्र मध्यमानभन्दा माथि १७ जना अर्थात् ५६.१६ प्रतिशत देखिन्छ । यस तथ्यले के पुष्टि गर्दछ भने गुञ्जनगर गा.वि.स.मा कक्षा ८ मा अध्ययनरत छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको छ ।

दलित र गैरदलित विद्यार्थीका आधारमा हेर्दा दलित र गैरदलित विद्यार्थीहरूको सङ्ख्या क्रमशः १४/४५ रहेको छ । समग्र मध्यमानलाई आधार बनाई हेर्दा दलित विद्यार्थीहरू त्यसभन्दामाथि ७ जना अर्थात् ४६.९७ प्रतिशत रहेका छन् । ६.६६ प्रतिशत बढी विद्यार्थीहरू मध्यमानभन्दा तल रहनाले दलित विद्यार्थीहरूको वादविवाद लेखन कमजोर देखिन्छ । गैरदलित विद्यार्थीहरूको वादविवाद लेखन क्षमता हेर्दा समग्र मध्यमानभन्दा माथि ४५ जनामा २१ जना अर्थात् ४६.६७ प्रतिशत र समग्र मध्यमानभन्दा तल २४ अर्थात् ५५.३३ प्रतिशत हुनुले गैरदलित लेखन क्षमता पनि कमजोर नै साबित हुन्छ तर दलितको मध्यमानभन्दा गैरदलित मध्यमान बढी हुनुले दलित विद्यार्थीहरूको भन्दा गैरदलित विद्यार्थीहरूको वादविवाद लेखन क्षमता अपेक्षाकृत रूपमा राम्रो छ ।

भाषिक पृष्ठभूमिका आधारमा हेर्दा ६० जना नमुना छनोटमा परेकामध्ये ३६ जना नेपाली मातृभाषी र २४ जना विमातृ वा अन्य भाषी रहेका छन् । समग्र मध्यमान ५३.१८ लाई आधार मानी हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरू सङ्ख्या मध्यमानभन्दा बढी ल्याउने २३ जसको प्रतिशत ६३.८९ रहेको छ । मध्यमानभन्दा कम ल्याउनेको सङ्ख्या १३ अर्थात् ३६.११ प्रतिशत छ । यसबाट प्रस्ट हुन्छ कि नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको छ । अन्य भाषी विद्यार्थीको रूपमा छनोट भएका विद्यार्थी सङ्ख्या २४ रहेको छ । समग्र मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या न्यून रहेको छ जसको प्रतिशत १६.६७ रहेको र समग्र मध्यमानभन्दा तल ल्याउनेको सङ्ख्या २० अर्थात् ८३.३३ प्रतिशत देखिन्छ । यसबाट प्रस्ट हुन्छ कि अन्य भाषी विद्यार्थीहरूको वादविवाद लेखन अत्यन्त कमजोर देखिन्छ ।

## ४.१२ सारांश

प्रस्तुत अध्ययनमा गुञ्जनगर गा.वि.स. अन्तर्गत कक्षा आठमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमतासम्बन्धी विश्लेषण गर्दा ६० जना प्रतिनिधि जनसङ्ख्या छनोटमा परेका छन् जसमा ३० जना सरकारी विद्यालयतर्फका र ३० जना निजी विद्यालयतर्फका छन् । छात्र-छात्रा दुवै बराबर हुने गरी ३०/३० जनाको सङ्ख्यामा छनोट गरी प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा विश्लेषण गर्दा चलहरू छ श्रेणीमा विभाजित छन् । प्रतिशतबाट समग्र मूल्याङ्कन गर्दा अधिकांशको ४१-५० प्रतिशतभित्र नम्बर रहनुले वादविवाद लेखन क्षमता मध्यम स्तरको देखिन्छ ।

अध्ययन-अध्यापनको वादविवादसम्बन्धी अभ्यास कम गराइएको देखिन्छ । सम्बोधन, विषय प्रवेश, विषयवस्तुको तर्कपूर्ण प्रस्तुति, मौलिकता, खण्डन-मण्डन, भाषिक शुद्धता इत्यादि पक्ष वादविवादका केन्द्रीय पक्ष हुन् तर यसतर्फ विद्यार्थीहरूलाई बढीभन्दा बढी अभ्यास गराइनु पर्ने देखिन्छ ।

यस अनुसन्धानमा विद्यार्थीहरूले लेखेको उत्तरपुस्तिका परीक्षण गर्न विभिन्न आधारहरू अवलम्बन गरी अङ्क विभाजन गरिएको छ । जसमा सम्बोधन विषय प्रवेश – १ अङ्क, विषयवस्तुको तर्कपूर्ण प्रस्तुति र मौलिकता – १ अङ्क, खण्डन-मण्डन – २ अङ्क, भाषिक शुद्धतामा १ अङ्क निर्धारण गरी त्यसलाई प्रतिशतमा बदली मूल्याङ्कन गरिएको छ । यसलाई आधार बनाएर हेर्दा निजी विद्यालयको भन्दा सरकारी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो देखिन्छ । यसो हुनुमा निजी विद्यालयमा सम्पूर्ण विषयहरू अङ्ग्रेजी माध्यममा पढाइने र एउटा नेपाली विषय मात्र नेपालीमा पढाइ गर्नाले यस्तो भएको हुन सक्दछ । अध्ययनकै क्रममा अन्य भाषी विद्यार्थीहरूभन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको विषयवस्तुको ज्ञान, प्रस्तुति र शैली राम्रो छ । अन्य भाषी विद्यार्थीहरूभन्दा नेपाली मातृभाषी विद्यार्थीको भाषिक शुद्धता उच्च रहेको छ । मात्र समूहका विद्यार्थीहरूभन्दा छात्रा समूहका विद्यार्थीहरूमा विषयवस्तुको ज्ञान, प्रस्तुतीकरण, खण्डन-मण्डन, लेखनमा उखान-टुक्काको प्रयोग र भाषिक शुद्धताको स्थिति राम्रो छ । यस अध्ययनबाट पुरुषभन्दा महिलाको वादविवाद लेखन क्षमता उच्च रहेका पाइन्छ । दलित विद्यार्थीहरूको दाँजोमा गैरदलित विद्यार्थीहरू सम्बोधन, खण्डन-मण्डन, उखान-टुक्काको सही प्रयोग, तर्कपूर्ण प्रस्तुति र भाषिक शुद्धतामा बढी सजग देखिएका छन् । शिक्षाप्रतिको चेतनाको कमी, गरिबीको प्रभाव, रुढिवादी, अन्धविश्वास आदि कारणहरूले गर्दा दलित विद्यार्थीहरू वादविवाद लेखन क्षमतामा कमजोर हुन पुगेका छन् ।

समग्रमा भन्नुपर्दा निम्न माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता सन्तोषजनक देखिन्छ । धेरैजसो विद्यार्थीहरू प्रस्तुति र भाषिक शुद्धतामा कमजोर देखिएका छन् । सरकारी विद्यालयमा तालिम प्राप्त शिक्षक भए तापनि सोहीअनुसार योजनाबद्ध शिक्षण नहुनु, वादविवाद शीर्षकलाई कम महत्त्व दिनु रहेको छ अनि निजी विद्यालयहरूले नेपाली भाषा र नेपाली विषयलाई कम महत्त्व दिने कारणले समग्रमा निम्न माध्यमिक तहका छात्र-छात्राहरूको वादविवाद लेखन क्षमता उच्च स्तरको नभइकन सन्तोषजनक रहेका पाइन्छ ।

# पाँचौं परिच्छेद
# तुलनात्मक विश्लेषण

## ५.१ विभिन्न समूहहरूमा वादविवाद लेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययनमा गुञ्जनगर गा.वि.स.अन्तर्गत कक्षा आठमा अध्ययनतर विद्यार्थीहरूको वादविवाद लेखन क्षमता जाँच्ने उद्देश्य राखिएको छ । अघिल्लो परिच्छेद चारमा प्रस्तुत गरिएको व्याख्या-विश्लेषणलाई आधार मानेर यस परिच्छेदमा शोध-निर्देशकको सल्लाह र सुझावमा विभिन्न चरहरूका बीच तुलनात्मक विश्लेषण गरिएको छ । विश्लेषित विभिन्न समूह, वर्गबाट लिएको तथ्यका आधारमा ती समूहरूबीच वादविवाद लेखन क्षमता के-कति फरक छ भन्नेतर्फ तुलनात्मक अध्ययन यस परिच्छेदमा भएको छ । मध्यमान, मानक विचलन र टि. परीक्षणका बीच तुलनात्मक विश्लेषण गर्न फरक-फरक चरहरू प्रयोग गरी जाँच्ने कार्य निम्नानुसार गरिएको छ :

### ५.१.१ सरकारी विद्यालय र निजी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलना

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | टि. मान |
|---|---|---|---|---|---|---|
| सरकारी | ३० | ५३.८३ | ५३.४२ | ९.७२ | १०.५९ | ०.३० |
| निजी | ३० | ५३ | | ११.४५ | | |

माथिको तालिकामा सरकारी र निजी दुवै विद्यालयतर्फ ३०/३० जना विद्यार्थीहरू प्रतिनिधि नमुनाका रूपमा आएका छन् । यिनीहरूको समग्र मध्यमान ५३.४२ रहेको छ ।

समूहगत रूपमा हेर्दा सरकारीतर्फको ५३.८३ र निजीतर्फको ५३ रहेको पाइन्छ । त्यस्तै समग्र मानक विचलन १०.५९ देखिन्छ । समूहगत रूपमा हेर्दा सरकारी विद्यालयको मानक विचलन ९.७२ र निजी विद्यालयको मानक विचलन ११.४५ देखिन्छ । दुवै समूहबीच तुलना गर्दा टि. मान ०.३० आएको छ । सार्थकताको तह ०.०५ मान्दा टि. मान १.९६ हुन्छ । सार्थक तहमा टि. मान ०.३० रहनुले सरकारी विद्यालय र निजी विद्यालयबीच वादविवाद लेखनमा खासै अन्तर छैन भन्ने देखाउँछ ।

माथिको तालिकाको विश्लेषण गर्दा निजी विद्यालयको भन्दा सरकारी विद्यालयको ०.८३ ले मध्यमान बढी देखाउँछ । समग्र मध्यमानसँग तुलना गरेर हेर्दा सरकारी विद्यालयको समग्र मध्यमानभन्दा ०.४१ ले बढी र निजी विद्यालयको ०.४२ ले घटी देखाएको छ । समग्र मानक विचलनभन्दा ०.८७ ले घटी सरकारी विद्यालयको मानक विचलन रहेको छ । त्यस्तै समग्र मानक विचलनभन्दा ०.८६ बढी देखिएको छ । यसबाट निजी विद्यालयको भन्दा सरकारी विद्यालयका विद्यार्थीहरूको लेखन क्षमतामा केही बढी एकरूपता रहेको भेटिन्छ ।

## ५.१.२ छात्र र छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलना

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | टि. मान |
|---|---|---|---|---|---|---|
| सरकारी | ३० | ५०.६७ | ५३.४२ | ९.७२ | १०.२५ | २.०७ |
| निजी | ३० | ५६.१६ | | १०.७८ | | |

प्रस्तुत तालिकामा समग्र विद्यार्थीहरूको लैङ्गिक आधारमा विभाजन गरी छात्रतर्फ ३० र छात्रातर्फ ३० जना विद्यार्थीहरूलाई समावेश गरिएको छ । छात्र/छात्राको समूहगत मध्यमान क्रमश: ५०.६७ र ५६.१६ रहेका छन् । समग्र मध्यमान ५३.४२ देखिन्छ । समूहगत रूपमा मानक विचलनको स्थिति हेर्दा छात्रतर्फको ९.७२ र छात्रातर्फको १०.७८ हुन आएको छ । समग्र मानक विचलन १०.२५ अङ्कित छ । तालिकामा टि. को मान २.०७ हुन आएको छ ।

तालिकाअनुसार समग्र मध्यमानका आधारमा समूहगत मध्यमानलाई हेर्दा समग्र मध्यमानभन्दा छात्र समूहको मध्यमान २.७५ ले कमी छ । समग्र मध्यमानभन्दा ३.२५ ले छात्रा विद्यार्थी बढी रहेका छन् । यसरी छात्रहरूको समग्र मध्यमानभन्दा घटी र छात्राहरूको बढी हुनुले छात्र समूहको तुलनामा छात्रा समूहको वादविवाद लेखन उच्च रहेको पाइन्छ ।

माथिको तालिकाबाट छात्रहरूको समग्र मानक विचलनभन्दा ०.५३ ले कम देखिएको छ । छात्राहरूको ०.५३ ले बढी देखिएको पाइन्छ । यसबाट छात्राहरूभन्दा छात्रहरू वादविवाद

लेखनमा केही बढी एकरूपता भएको देखाउँछ । छात्र/छात्रा दुवै समूहबीच अन्तर केलाउँदा टि. मान ०.०५ सार्थक तहमा हेर्दा टि. को मान २.०७ देखिएकाले यी दुवै समूहबीचको लेखन क्षमतामा अन्तर रहेको पाइन्छ । यसबाट छात्र र छात्राबीच लेखनमा फरक भएको पाइन्छ । त्यसैले छात्र र छात्रा विद्यार्थीहरूबीच लेखन क्षमतामा सार्थक अन्तर छैन भन्ने प्राक्कल्पना गलत साबित भएको देखिन्छ ।

## ५.१.३ दलित र गैरदलित विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलना

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | टि. मान |
|---|---|---|---|---|---|---|
| दलित | १५ | ५२.३३ | ५३.११ | ७.७२ | ९.५८ | ०.६० |
| गैरदलित | ४५ | ५३.८९ | | ११.४४ | | |

प्रस्तुत तालिकामा दलित विद्यार्थीतर्फ १५ जना र गैरदलित विद्यार्थीहरूतर्फ ४५ जना प्रतिनिधि नमुनाका रूपमा आएका छन् । समग्र मध्यमान ५३.११ रहेको छ । समूहगत रूपमा मध्यमान हेर्दा दलित विद्यार्थीतर्फ ५२.३३ र गैरदलिततर्फ ५३.८९ रहेको छ । समग्र मानक विचलन ९.५८ रहेको पाइन्छ । समूहगत रूपमा हेर्दा दलित विद्यार्थीको ७.७२ र गैरदलित विद्यार्थीको ११.४४ मानक विचलन देखिन्छ । दुवै समूहबीच टि. मान ०.६० रहेको छ ।

माथिको तालिकाअनुसार विश्लेषण गर्दा समूहगत मध्यमानतर्फ दलित विद्यार्थीहरूको मध्यमान समग्र मध्यमानभन्दा ०.७८ ले कम र गैरदलित विद्यार्थीहरूको मध्यमान समग्र मध्यमानभन्दा ०.७८ ले बढी छ । दलित विद्यार्थीहरूको भन्दा गैरदलित विद्यार्थीको मध्यमान १.५६ ले बढी देखिन्छ । यसबाट दलित विद्यार्थीहरूको भन्दा गैरदलित विद्यार्थीहरूको लेखन क्षमता उच्च पाइन्छ ।

यसै गरी समग्र मानक विचलनलाई आधार मान्दा दलित र गैरदलित दुवै समूहका विद्यार्थीहरूको समूहगत मानक विचलन क्रमश: ७.७२ र ११.४४ रहेका देखिन्छ । दलित विद्यार्थीको समग्र मानक विचलनभन्दा १.८६ र गैरदलित विद्यार्थीको १.८६ ले बढी मानक विचलन रहेको छ । दलितको भन्दा गैरदलितको ३.७२ ले बढी मानक विचलन देखिएको पाइन्छ । यसबाट गैरदलित विद्यार्थीको भन्दा दलित विद्यार्थी लेखन क्षमता एकरूपता भएको पाइन्छ । दलित र गैरदलित विद्यार्थीहरूबीच पाँच प्रतिशत सार्थकताको तहमा टि. को मान ०.६० रहनुले दलित र गैरदलित बीच केही अन्तर पाइन्छ । सार्थकताको तह ०.०५ मान्दा टि. मान १.९६ लाई हेर्दा यस अन्तर स्वीकार्य देखिन्छ ।

### ५.१.४ भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली विमातृ भाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | टि. मान |
|---|---|---|---|---|---|---|
| नेपाली मातृभाषी | ३६ | ५६.३९ | ५२.७८ | २०.९१ | १५.३३ | १.८० |
| अन्य भाषी | २४ | ४९.१७ | | ९.७५ | | |

उपर्युक्त तालिकामा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी ३६ जना र अन्य भाषी (नेपाली विमातृ भाषी) २४ जना विद्यार्थीहरू प्रतिनिधि नमुना जनसङ्ख्याका रूपमा समावेश भएका छन् । समूहको समग्र मध्यमान ५२.७८ रहेको छ । समूहगत रूपमा नेपाली मातृभाषी विद्यार्थीहरूको मध्यमान ५६.३९ र अन्य भाषी विद्यार्थीहरूको मध्यमान ४९.१७ रहेको छ । नेपाली मातृभाषीको २०.९१ र अन्य भाषीको ९.७५ मानक विचलन रहेको देखिन्छ । जसको समग्र मानक विचलन १५.३३ छ साथै तालिकाअनुसार टि. मान १.८० देखिन्छ ।

नेपाली मातृभाषी विद्यार्थीहरूको समूहगत मध्यमान अन्य भाषीको भन्दा ७.२२ ले बढी भएको छ । यसले दुई भाषी विद्यार्थीहरूको समूहगत मध्यमानमा स्पष्ट अन्तर देखाएको छ । नेपाली विमातृभाषी विद्यार्थीहरूको समूहगत मध्यमान नेपाली मातृभाषी विद्यार्थीहरूको समूहगत मध्यमान ७.२२ बढी हुनाले नेपाली मातृभाषी विद्यार्थीहरू अन्य भाषी विद्यार्थीहरूभन्दा वादविवादमा माथि रहेका देखाउँछ अर्थात् अन्य भाषीभन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता उच्च रहेको प्रमाणित हुन्छ ।

यसै गरी समूहगत समग्र मानक विचलनलाई आधार मान्दा नेपाली मातृभाषी विद्यार्थीहरूको समूहगत मानक विचलन समग्र मानक विचलनभन्दा ५.५८ ले बढी छ । त्यस्तै अन्य भाषीको मानक विचलनभन्दा मातृभाषी विद्यार्थीहरूको मानक विचलन ११.१६ देखिन्छ । यसले के प्रमाणित गर्दछ भने अन्य भाषी विद्यार्थीहरूको लेखन क्षमताभन्दा मातृभाषी विद्यार्थीहरूको लेखन क्षमतामा एकरूपता भेटिँदैन ।

यसरी मध्यमान र मानक विचलनका आधारमा यी दुवै समूहबीच अन्तर हुनुले नेपाली विमातृ भाषीभन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता उच्च छ । यी दुई समूहबीच अन्तर केलाउँदा टि. को ०.०५ सार्थकताको तहमा हेर्दा टि. मान १.८० भएको तथ्यले दुवै समूहबीच अन्तर रहेको कुरा स्पष्ट हुन्छ । यसको निचोड अन्य भाषीको वादविवाद लेखन क्षमताभन्दा मातृभाषी विद्यार्थीको उच्च रहेको कुरा पुष्टि गर्दछ ।

## ५.२ सारांश

यस अन्तर्गत प्रतिशताङ्क, मध्यमान र मानक विचलन र टि. मानका दृष्टिले विभिन्न समूह, वर्गबाट लिइएको तथ्यका आधारमा ती समूहहरूबीच वादविवाद लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनअनुसार सरकारी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता निजी विद्यालयका विद्यार्थीहरूको भन्दा केही बढी देखिएको छ । यसैगरी छात्रका तुलनामा छात्रा विद्यार्थीको लेखन कौशल बढी भएको देखिन्छ । अन्य भाषीभन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद क्षमता राम्रो रहेको छ भने दलित विद्यार्थीहरूको तुलनामा गैरदलित विद्यार्थीहरूको वादविवाद लेखन क्षमता उच्च रहेका तथ्याङ्कले पुष्टि गरेको छ ।

# छैटौँ परिच्छेद
# उपसंहार

## ६.१ विषय प्रवेश

प्रस्तुत अध्ययनका क्रममा **गुञ्जनगर गा.वि.स. अन्तर्गत कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन** पहिचान गर्ने क्रममा यससम्बन्धी विभिन्न परिणामहरू प्राप्त गरी ती परिणामका आधारमा निष्कर्ष निकालिएको छ । अध्ययन गर्ने सिलसिलामा प्राप्त भएका निष्कर्षहरू तथा त्यसका लागि सुझावहरू प्रस्तुत परिच्छेदमा निम्नानुसार राखिएको छ :

## ६.२ निष्कर्ष

१. समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको प्रतिशताङ्क स्थिति हेर्दा ५५ प्रतिशतभन्दा माथि वादविवाद लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या ४६.६७ भएकाले गुञ्जनगर गा.वि.स. अन्तर्गत कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता सन्तोषजनक रहेको छ ।

२. समग्र विद्यार्थीहरूको मध्यमानका आधारमा वादविवाद लेखन क्षमताको मापन गर्दा मध्यमानभन्दा माथि ल्याउने ४५.०७ प्रतिशत विद्यार्थी रहेकाले विद्यार्थीहरू वादविवाद लेखन क्षमताको स्थिति मध्यम स्तरको देखिन्छ ।

३. सरकारी विद्यालयका विद्यार्थीहरूको वादविवाद क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा ५५ प्रतिशतभन्दा माथि वादविवाद लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४६.६७ प्रतिशत भएकोले सरकारी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो देखिन्छ ।

४. सरकारी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमतालाई समूहगत रूपमा हेर्दा मध्यमानभन्दा माथि ४६.६७ प्रतिशत र मध्यमानभन्दा तल ५३.३३

प्रतिशत भएकाले गुञ्जनगर अन्तर्गतका कक्षा आठमा अध्ययनरत सरकारी विद्यालयका विद्यार्थीहरू वादविवाद लेखन क्षमतामा राम्रै छन् ।

५. निजी विद्यालय समूहका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता प्रतिशताङ्क स्थिति गणना गर्दा ५५ प्रतिशतभन्दा माथि वादविवाद लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या ४६.६७ प्रतिशत भएकाले निजी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता पनि राम्रो देखिन्छ ।

६. निजी विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमतालाई समूहगत रूपमा हेर्दा मध्यमानभन्दा माथि ४६.६७ प्रतिशत र मध्यमानभन्दा तल ५३.३३ प्रतिशत भएकाले गुञ्जनगर अन्तर्गत कक्षा आठमा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको लेखन क्षमता पनि राम्रै मानिन्छ ।

७. छात्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता ५५ प्रतिशतलाई आधार मानी हेर्दा यसभन्दा माथि ३६.६७ प्रतिशत विद्यार्थी सङ्ख्या रहनुले छात्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता कमजोर भएको प्रमाणित हुन्छ ।

८. समूहगत मध्यमानभन्दा माथि पनि ३६.६७ प्रतिशत छात्र विद्यार्थीहरू मात्र वादविवाद लेखनमा सफल भएका छन् । यस तथ्यले पनि छात्र विद्यार्थीहरू वादविवाद लेखनमा कमजोर रहेको पुष्टि हुन्छ ।

९. समूहगत मध्यमानका आधारमा छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमतालाई हेर्दा ५५ प्रतिशतभन्दा माथि अङ्क ल्याउन सक्षम विद्यार्थी सङ्ख्या ५६.६७ प्रतिशत रहनुले छात्रा विद्यार्थीहरूको वादविवाद लेखन क्षमता छात्र विद्यार्थीहरूको भन्दा निकै नै राम्रो देखिन्छ ।

१०. दलित विद्यार्थीहरूको वादविवाद लेखन क्षमतालाई लिएर प्रतिशताङ्क स्थिति गणना गर्दा सन्तोषजनक नतिजा प्राप्त भएको छ किनकि उनीहरूको ५५ भन्दामाथि अङ्क ल्याउनेहरू ४६.६७ प्रतिशत रहेको छ ।

११. गैरदलित विद्यार्थीहरूको वादविवाद लेखन क्षमतालाई लिएर प्रतिशताङ्क स्थिति गणना गर्दा सन्तोषजनक देखापर्छ र ५५ प्रतिशतभन्दा माथि क्षमता मापन गराउन सफल विद्यार्थीहरूको सङ्ख्या पनि ४६.६७ प्रतिशत देखिएको छ ।

१२. दलितको मध्यमानभन्दा गैरदलित विद्यार्थीहरूको मध्यमान बढी देखिनुले दलितको भन्दा गैरदलित विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको छ ।

१३. भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखनलाई हेर्दा ५५ प्रतिशतभन्दा माथि अङ्क ल्याउनेहरूको सङ्ख्या ६१.११ देखिएको छ जसले मातृभाषी विद्यार्थीहरूको लेखन क्षमता राम्रो रहेको कुरा पुष्टि गरेको छ ।

१४. अन्य भाषी विद्यार्थीहरूमध्ये ५५ प्रतिशतभन्दा माथि १६.६७ प्रतिशत अङ्क ल्याउने सङ्ख्या रहेको छ । यसबाट प्रस्ट भएको छ कि अन्य भाषी विद्यार्थीभन्दा मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता उच्च रहेको छ ।

१५. समूहगत मानक विचलन नेपाली मातृभाषी विद्यार्थीहरूको २०.९१ पाइएको छ जसले लेखन क्षमता एकरूपता नभएको, कमजोर र प्रतिवान् दुवैखाले विद्यार्थीहरू यस समूहमा भएको पाइन्छ ।

१६. समूहगत मानक विचलन हेर्दा छात्र विद्यार्थीहरूको मानक विचलन र दलित विद्यार्थी मानक विचलन क्रमश: ९.७२ र ७.७२ रहेको पाइएको छ । लेखन क्षमता जे-जस्तो भए पनि दलित विद्यार्थीको लेखन क्षमता एकरूपताको नजिक रहेको छ भने त्यसपछि छात्रहरूको लेखनमा एकरूपता भेटिन्छ ।

१७. सरकारी विद्यालय र निजी विद्यालयबीच तुलना गर्दा टि. को मान ०.३० आएको छ । सार्थक तह ०.०५ मान्दा टि. मान १.९६ हुन्छ । सार्थक तहमा टि. मान ०.३० रहनुले सरकारी विद्यालय र निजी विद्यालयबीच वादविवाद लेखन क्षमतामा खासै अन्तर देखाउँदैन ।

१८. छात्र/छात्रा दुवै समूहबीच अन्तर केलाउँदा टि. मान ०.०५ सार्थक तहमा हेर्दा टि. को मान २.०७ देखिएकाले यी दुवै समूहबीचको लेखन क्षमता स्पष्ट अन्तर रहेको पाइन्छ । यो फरक बढी भएकाले यसलाई सुधार्न आवश्यक देखिन्छ ।

१९. दलित विद्यार्थीहरू र गैरदलित विद्यार्थीहरूबीच अन्तर केलाउँदा टि. मान ०.०५ सार्थक तहमा टि. को मान ०.६० देखिएकाले यी दुवै समूहबीच लेखन क्षमता अन्तर पाइन्छ । यस अन्तरले खास फरक पर्ने देखिन्न अर्थात् यसलाई स्वीकार्न सकिन्छ ।

२०. नेपाली मातृभाषी विद्यार्थी र विमातृ भाषी विद्यार्थीहरूबीचको अन्तर टि. मानको रूपमा १.८० पाइएको छ । यसले यी दुई भाषीबीच वादविवाद लेखनमा अन्तर रहेको देखिन्छ । सार्थक तह ०.०५ मान टि. मान १.९६

सम्मलाई स्वीकारयोग्य ठानिन्छ । यो मान पनि यसै अन्तर्गत परेको हुँदा यी बीच अन्तर देखिए पनि यसलाई ठूलो फरकको रूपमा लिइँदैन ।

## ६.३ सुझावहरू

१. लेखाइ सीपलाई प्राथमिकता दिनको लागि भाषा पाठ्यक्रम तथा भाषा पाठ्यपुस्तकमा लेखाइ सीपलाई विशेष महत्त्वका साथ समावेश गरिनु पर्दछ ।

२. वादविवादलाई मौखिक रूपमा मात्र नगराई त्यसलाई लिखित रूपमा उतार्नका लागि विद्यार्थीहरूलाई बढी प्रोत्साहन दिने लेखन सीपसम्बन्धी कार्यकलाप सञ्चालन गर्नुपर्दछ ।

३. भाषा पाठ्यपुस्तक निर्माण गर्दा विद्यार्थीहरूको उमेर, क्षेत्र, लिङ्ग, भाषिक पृष्ठभूमि, जातीयता जस्ता पक्षलाई ध्यानमा राखी पाठ्यवस्तुको छनोट र स्तरण गर्नु पर्दछ ।

४. विद्यालय तहमा नेपाली भाषा पाठ्यक्रम निर्माण गर्दा वादविवाद लेखन शिक्षणमा पनि जोड दिनु पर्दछ ।

५. जुनसुकै विषय शिक्षक वा तालिम अप्रात शिक्षकद्वारा नेपाली विषय पढाउने परिपाटी अन्त्य गरी तालिम प्राप्त विषय शिक्षकद्वारा पढाउने पर्ने नियमलाई अझै कडाइका साथ लागू गरिनु पर्दछ ।

६. निम्न माध्यमिक तह नेपाली भाषा विषयको प्रश्नपत्रमा वादविवाद लेखनसम्बन्धी प्रश्नलाई अनिवार्य गरिनु पर्दछ ।

७. बेलाबेलामा विवादात्मक विषयमा कक्षागत, तहगत वा विद्यालय स्तरीय वादविवाद लेखन प्रतियोगिता सञ्चालन गर्नु पर्दछ ।

८. वादविवादलाई मौखिक रूपमा गराए पुग्छ भन्ने परिपाटी अन्त्य गरी विद्यार्थीलाई वादविवाद लेखनमा प्रतिस्पर्धा गराउनु पर्दछ ।

९. कक्षा आठको नेपाली प्रश्नपत्रमा १० पूर्णाङ्कको वादविवादसम्बन्धी प्रश्न सोधिनु पर्दछ ।

१०. वादविवाद लेखन प्रतियोगिता विद्यालय स्तरमा मात्र नभई केन्द्रीय स्तरमा पनि बनाउनु पर्दछ ।

११. निजी विद्यालयहरूमा अङ्ग्रेजी भाषालाई झैँ नेपाली भाषाको शिक्षणमा पनि यसरी नै प्राथमिकता दिने परिपाटीलाई निरन्तरता दिइनु पर्दछ ।

१२. परम्परागत शिक्षा प्रणालीझैँ सीमित विषय घोक्न लगाई घोकेकै विषयवस्तुमा सीमित गराउने शिक्षण पद्धतिलाई निजी विद्यालयहरूले तत्काल परिमार्जन गर्नुपर्दछ ।

१३. सरकारी विद्यालयहरूले व्याख्यान विधिबाट मात्र शिक्षण नगरी लेखन क्षमता अभिवृद्धि गर्न विद्यार्थीहरूमा लेख्ने बानीको विकास गर्दै लैजानुपर्दछ ।

१४. नेपाली मातृभाषी विद्यार्थीहरूभन्दा नेपाली विमातृ भाषी विद्यार्थीहरू लेखन क्षमतामा कमजोर देखिएको हुँदा कमजोर विद्यार्थीहरूलाई सक्षम बनाउने खालको शिक्षण गरिनु पर्दछ ।

१५. यस अध्ययनमा छात्रा विद्यार्थीहरूभन्दा छात्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता कमजोर देखिन्छ । यस नतिजा पछाडि भएका कमजोरीहरूलाई सुधार गर्दै लैजानु उचित देखिन्छ ।

१६. पाठ्यपुस्तकमा वादविवाद लेखनसम्बन्धी दिएको अभ्यासमा मात्र क्रियाकलाप गराउने परिपाटीलाई निरुत्साहित गरी समसामयिक अन्य शीर्षकहरूमा पनि वादविवाद लेख्न विद्यार्थीहरूलाई प्रेरित गर्नु पर्दछ ।

१७. नेपाली शिक्षकलाई नवीन शैलीमा अध्यापन गराउन बेलाबेलामा तालिम तथा पुनर्ताजगी तालिमको व्यवस्था गरिनु पर्दछ ।

१८. वादविवाद लेखनमा जो-जो विद्यार्थीहरू धेरै पछाडि छन् तिनीहरूको लागि उचित समय निकाली थप अभ्यास गराउनु पर्दछ ।

## ६.४ वादविवाद लेखनको शैक्षणिक महत्त्व

लेखाइ सीप भाषिक सीपहरूमध्ये एक प्रमुख सीप हो । यो अभिव्यक्तिको महत्त्वपूर्ण माध्यम हो । यसले अभिव्यक्तिलाई पूर्ण, परिपक्व र स्तरीय बनाउँछ । मनभित्रका अथाह भावनालाई अरू समक्ष प्रस्तुत गर्न तथा विभिन्न ज्ञानका कुराहरूलाई सम्झनामा राखिराख्न र आवश्यकतानुसार पटक-पटक उपयोगमा ल्याउन लेखाइ सीपको महत्त्वपूर्ण भूमिका हुन्छ । मौखिक रूपमा अभिव्यक्त गर्ने वादविवादलाई लिखित रूपमा उतार्नु अवश्य पनि जटिल कार्य हो । लेखाइ सीप विभिन्न कार्यकलापमार्फत् अभिव्यक्त हुने गर्दछ । यस्ता कार्यकलापमध्ये वादविवाद लेखन पनि एक महत्त्वपूर्ण कार्यकलाप हो । अत: अध्येताले प्रस्तुत अनुसन्धान-अध्ययनको निम्न लिखित शैक्षिक प्रयोजन भएको अनुमान गरेका छन् :

१. यस अध्ययनबाट विद्यालय तहमा नेपाली भाषा पाठ्यक्रम परिष्कार तथा परिमार्जन गर्न सहयोग मिल्नेछ ।

२. वादविवाद शिक्षण गर्नुको मूल उद्देश्य मौखिक तथा लिखित सीपको विकास गर्नु भएकाले सृजनात्मक, तार्किक तथा बौद्धिक क्षमताको विकास गर्न प्रस्तुत अध्ययनबाट सहयोग मिल्नेछ ।

३. यस अध्ययनले विद्यालय तहमा नेपाली भाषा शिक्षण गर्दा अपनाउनु पर्ने भाषिक सीप तथा लेखन कलासम्बन्धी सचेतताका लागि सहयोग गर्नेछ ।

४. यस अध्ययनले विद्यार्थीहरूका लागि वादविवादबारे सम्पूर्ण पक्षको जानकारी दिनेछ ।

५. यस अध्ययनबाट विद्यार्थीहरूलाई कुनै विवादात्मक शीर्षकमा तर्क-वितर्क गर्न सहयोग मिल्नेछ ।

६. यस अध्ययनले भाषिक सीप विकास र भाषा शिक्षणका क्षेत्रमा उत्कृष्ट भूमिका खेल्नेछ ।

७. यस अध्ययनले विद्यार्थीहरूको लेखाइ क्षमताको मूल्याङ्कन गरी कक्षा शिक्षणमा मद्दत पुऱ्याउने छ ।

८. भाषा शिक्षण विधिमा थप अनुसन्धान गर्ने आधार यस अध्ययनले दिनेछ ।

९. वादविवाद लेखन क्षमतासँग सम्बन्धित अन्य अनुसन्धान अध्ययनका लागि पनि यो अध्ययन आधार बन्नेछ ।

## ६.५ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

१. कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन ।

२. कक्षा आठ पूरा गरेका विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन ।

३. नेपाली विषय शिक्षकले भाषा शिक्षण क्रममा उपयोगमा ल्याएका शैक्षिक सामग्रीहरू अध्ययन ।

४. कक्षा आठ अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन ।

५. भाषिक पृष्ठभूमिका आधारा प्राथमिक तह उत्तीर्ण विद्यार्थीहरूको पठनबोध क्षमतासम्बन्धी अध्ययन ।

६. कक्षा दस अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन ।

# सन्दर्भ ग्रन्थ सूची


अधिकारी, हेमाङ्ग राज, **सामसामयिक नेपाली व्याकरण**, दोस्रो संस्क., काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५५ ।

__________________, **प्रयोगात्मक नेपाली व्याकरण**, तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन, २०६७ ।

__________________ र भट्टराई बद्री विशाल, **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि., २०६१ ।

आचार्य, माधव प्रसाद र गौतम, राम प्रसाद, **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौँ : दीक्षान्त प्रकाशन, २०६५ ।

काफ्ले, किशोर, **भरतपुर नगरपालिका अन्तर्गत कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन**, अप्रकाशित शोध पत्र, चितवन: बालकुमारी कलेज, नारायणगढ, २०६८ ।

कोइराला, खेम बन्धु र गौतम, राम प्रसाद, **अनुसन्धान विधि**, काठमाडौँ : दीक्षान्त प्रकाशन, २०६४ ।

खनाल, पेशल, **शैक्षिक अनुसन्धान पद्धति**, काठमाडौँ : स्टुडेन्टस् बुक्स पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, २०६० ।

पोखेल, बाल कृष्ण (सम्पा.), **नेपाली बृहत् शब्दकोश**, चौथो संस्क., काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५ ।

शर्मा, केदार प्रसाद एवम् पौडेल, माधव प्रसाद, **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौँ : न्यु हीरा बुक्स इन्टरप्राइजेज्, २०६० ।

शर्मा, मोहन राज एवम् लुइटेल, खगेन्द्र प्रसाद, **शोध विधि**, ललितपुर : साझा प्रकाशन, २०५२ ।

सापकोटा, रमा, **काभ्रे जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन**, अप्रकाशित शोध पत्र, काठमाडौँ : त्रि.वि., केन्द्रीय नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर, २०६८ ।

श्रेष्ठ, शोभा, **धादिङ जिल्लामा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन**, अप्रकाशित शोध पत्र, काठमाडौँ : त्रि.वि., केन्द्रीय नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर, २०६८ ।

# परिशिष्ट खण्ड

## परिशिष्ट 'क'

## प्रतिनिधि नमुना विद्यालय तथा विद्यार्थीहरूको नामावली

### सरकारीतर्फ

**१. श्री भीमनगर उच्च मा.वि., गुञ्जनगर-४, भीमनगर**

जम्मा सङ्ख्या : १५

| क्रम | छात्रको नाम | क्रम | छात्राको नाम |
|---|---|---|---|
| १. | यम प्रसाद घिमिरे | १. | चन्द्रमाया श्रेष्ठ |
| २. | तुलाराम तामाङ | २. | मनिषा पौडेल |
| ३. | अनुप अधिकारी | ३. | सृजना शर्मा |
| ४. | सुरज वि.क. | ४. | अमृता सुनार |
| ५. | सुदीप मिजार | ५. | अमृता वि.क. |
| ६. | कुल बहादुर कुमाल | ६. | शारदा लामिछाने |
| ७. | ओमकान्त सुनार | ७. | सीमा तामाङ |
| | | ८. | अनिता दुवाडी |

## २. श्री गुञ्जनगर उच्च मा.वि., गुञ्जनगर–२, गुञ्जनगर

जम्मा सङ्ख्या : १५

| क्रम | छात्रको नाम | क्रम | छात्राको नाम |
|---|---|---|---|
| १. | दीपेन्द्र ढकाल | १. | सावित्री श्रेष्ठ |
| २. | दिनेश तामाङ | २. | सङ्गीता सुनार |
| ३. | राजन महतो | ३. | आशिका गुरुङ |
| ४. | तोल बहादुर नेपाली | ४. | रश्मि परियार |
| ५. | मनिष वि.क. | ५. | पूजा वि.क. |
| ६. | अमित नेपाली | ६. | पुष्पा भण्डारी |
| ७. | विजय कुमार वि.क. | ७. | अञ्जु नेपाली |
| ८. | राजीव नेपाली | | |

# निजी विद्यालयतर्फ

## १. मिलन सेकेन्डरी इङ्गलिस स्कुल, गुञ्जनगर–५, मिलनचोक

जम्मा सङ्ख्या : १५

| क्रम | छात्रको नाम | क्रम | छात्राको नाम |
|---|---|---|---|
| १. | समुद्र खनाल | १. | हीरा महतो |
| २. | गुञ्जन थापा | २. | दीक्षा मरहट्ठा |
| ३. | सन्दीप महतो | ३. | निर्मला तामाङ |
| ४. | किस्मत रानामगर | ४. | सुस्मिता श्रेष्ठ |
| ५. | विष्णु के.सी. | ५. | अङ्किता घिमिरे |
| ६. | सञ्जय महतो | ६. | एलिसा दवाडी |
| ७. | विवश अधिकारी | ७. | प्रविना गिरी |
| ८. | सोम बहादुर तामाङ | | |

## २. न्यु भिजन एकेडमी, गुञ्जनगर–१, गुञ्जनगर

जम्मा सङ्ख्या : १५

| क्रम | छात्रको नाम | क्रम | छात्राको नाम |
|---|---|---|---|
| १. | आकाश क्षेत्री | १. | प्रतिज्ञा शर्मा |
| २. | अमन लामा | २. | सुष्मा सापकोटा |
| ३. | आभाष महतो | ३. | रक्षा सुनार |
| ४. | दिवस तामाङ | ४. | सृजना तामाङ |
| ५. | युवराज तामाङ | ५. | कमला खरेल |
| ६. | अनुप तामाङ | ६. | दीक्षा गुरुङ |
| ७. | इच्छेन रानामगर | ७. | सरु थापा |
| | | ८. | मीरा गुरुङ |

कूल जम्मा : ६०

# परिशिष्ट 'ख'

# वादविवाद लेखनमा प्रयोग गरिएका शीर्षकहरू

१. विज्ञान अभिशाप नभई वरदान हो ।

२. छोरीलाई अंश दिनुभन्दा शिक्षा दिनु राम्रो ।

# परिशिष्ट 'ग'

# वादविवाद मूल्याङ्कन तालिका

विद्यालय प्रकृति : सरकारी (श्री गुञ्जनगर उच्च मा.वि.)

विद्यार्थीको नाम : पुष्पा भण्डारी

वादविवाद शीर्षक : छोरीलाई अंश दिनुभन्दा शिक्षा दिनु राम्रो

| सम्बोधन र विषय प्रवेश १ | | | | विषयवस्तुको तर्कपूर्ण प्रस्तुति र मौलिकता १ | | | | खण्डन मण्डन २ | | | | भाषिक शुद्धता १ | | | | जम्मा ५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अति उत्तम | उत्तम | मध्यम | निम्न | अति उत्तम | उत्तम | मध्यम | निम्न | अति उत्तम | उत्तम | मध्यम | निम्न | अति उत्तम | उत्तम | मध्यम | निम्न | |
| १.०० | ०.७५ | ०.५० | ०.२५ | १.०० | ०.७५ | ०.५० | ०.२५ | २.०० | १.५० | १.०० | ०.५० | १.०० | ०.७५ | ०.५० | ०.२५ | ५.० |
| | | ✓ | | | | ✓ | | | ✓ | | | | | ✓ | | ३.० |

६० प्रतिशत अङ्क प्राप्त

**स्पष्टीकरण :**

१. सम्बोधन र विषय प्रवेश : सम्बोधनको भाषाशैली र स्तरीयता

२. विषयवस्तुको तर्कपूर्ण प्रस्तुति र मौलिकता : विषयवस्तुको संयोजन, तार्किक भनाइ, विपक्षी भनाइलाई तर्कले पुष्टि गर्ने

३. खण्डन मण्डन : विपक्षी प्रतियोगीले भन्न सक्ने कुराको अनुभव गरी त्यसमाथिको खण्डन गर्ने शैली ।

४. भाषिक शुद्धता : वाक्यगठन, हिज्जे, वर्णविन्यास आदि ।

# व्यक्तिगत विवरण



| | | |
|---|---|---|
| नाम | : | **रामभक्त वाग्ले** |
| जन्म मिति | : | २०२८ भाद्र १६ गते |
| बाबुको नाम | : | कृष्ण प्रसाद वाग्ले |
| आमाको नाम | : | विष्णु माया वाग्ले |
| ठेगाना | : | दिव्यनगर-८, चितवन |
| लिङ्ग | : | पुरुष |
| धर्म | : | हिन्दू |
| भाषा | : | नेपाली |

**शैक्षिक योग्यता :**

(१) एस.एल.सी. : श्री आदर्श उच्च मा.वि., दिव्यनगर (२०४४)

(२) आइ.ए. : वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन (२०४७)।

(३) बि.ए. : प्राइभेट, त्रि.वि. जमल, काठमाडौँ (२०५१)।

(४) १ वर्षे बि.एड. : सहिद स्मृति क्याम्पस, रत्ननगर टाँडी, चितवन (२०५३)।

(५) एम.ए. : प्राइभेट, त्रि.वि., जमल, काठमाडौँ (२०५६)।

(६) एम.एड. : प्रथम श्रेणी, बाल कुमारी कलेज, नारायणगढ, चितवन (२०६८)।

**शिक्षण :**

- श्री रा.नि.मा.वि., टिमुरे, रसुवा (२०४९)
- श्री मुक्राप देवी मा.वि., सेर्तुङ-२, बोराङ, धादिङ (२०५० देखि २०६१ भाद्रसम्म)
  २०५५ देखि २०६१ भाद्रसम्म प्रधानाध्यापक
  र केही समय स्रोतव्यक्ति पदमा कार्यरत
- श्री नि.मा.वि., दिव्यनगर-३, कोइलाहा, चितवन (२०६१ असोजदेखि हालसम्म)
  (हाल स्थायी, निम्न माध्यमिक प्रथम श्रेणी)